"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"

# प्रथम आवधिक योजनाको
## (आ.व. २०७६/०७७-आ.व. २०८०/०८१)
## मध्यावधि समिक्षा सम्बन्धी अध्ययन प्रतिवेदन







# प्रदेश योजना आयोग
### लुम्बिनी प्रदेश, मुकामः बुटवल

"बुद्ध जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"

"समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश"

# प्रथम आवधिक योजनाको

## (आ.व. २०७६/०७७-आ.व. २०८०/०८१)

## मध्यावधि समिक्षा सम्बन्धी अध्ययन प्रतिवेदन

# प्रदेश योजना आयोग

लुम्बिनी प्रदेश, मुकाम: बुटवल

"बुद्ध जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"

# प्रदेश सरकार
## लुम्बिनी प्रदेश
## मुकामः बुटवल, नेपाल



मुख्यमन्त्री

**मन्तव्य**

नेपाली जनताले लामो संघर्ष पछिको वलीदानबाट ल्याएको संविधान बाट तीन तहको सरकार संघ, प्रदेश र स्थानीय तह बनाएको छ । संविधानको धारा १६२ बमोजिम पहिलो पटक प्रदेश सरकारको मन्त्रिपरिषद्को गठन भएर अहिले समयावधी सकिदै छ । (आ.व. २०७६/०७७ देखि २०८०/०८१) प्रथम आवधिक योजनाको समीक्षा गरी मध्यावधी समीक्षा योजना आयोगले गरेको छ । मन्त्रालयगत रुपमा विनियोजित रकमको स्थिति त्यसको कार्यान्वयन भए नभएको अवस्था र त्यसमा देखा परेका समस्या औंल्याउने काम भएको छ । यसबाट प्रदेश सरकारलाई दीर्घकालीन योजना बनाउन उद्देश्य र लक्ष्य प्राप्तिको लागि सहयोग गर्ने र कुन क्षेत्रमा बजेटलाई बढी प्रक्षेपण गर्ने भन्नेमा मद्दत मिल्नेछ ।

मध्यावधी समीक्षाको रिपोर्टबाट प्रदेश सरकारले गरेका काम सन्तोषजनक नै देखिए पनि अझै स्थानीय तह र प्रदेशका नागरिकबीच अन्तरसम्बन्ध स्थापित गर्ने नागरिक र प्रदेश सरकारको कामको बारेमा जानकारी गराउने कार्यमा योजना आयोगको अहम कार्यभार हुनेछ । सर्वोकृष्ट प्रदेश निर्माणका लागि राजनीतिक, प्रशासनिक, वित्त व्यवस्थापन र सही योजना छनौटको महत्वपूर्ण भूमिका हुने गर्दछ । प्रदेश सरकारले समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न स्रोतको पहिचान बढाउदै आम समुदायको सहभागीताले स्वास्थ्य र शिक्षामा गुणस्तरीयता कायमगरी प्रदेशको मुख्य लक्ष्यमा पूर्वाधार, कृषि, पर्यटन तथा उद्योगमा जोड दिन आवश्यक छ ।

अन्त्यमा, **"समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश"** को नारालाई साकार पार्न सरकारका सबै निकायलाई लाग्न अनुरोध छ । लुम्बिनी प्रदेश योजना आयोगले यो मध्यावधी समीक्षा गरी प्रदेशको चित्र प्रस्तुत गर्नु भएकोमा धन्यवाद दिन चाहान्छु ।

मिति २०७९/०४/२६

मा. कुल प्रसाद के.सी.
(मुख्यमन्त्री)
लुम्बिनी प्रदेश

प्रदेश सरकार
लुम्बिनी प्रदेश,
प्रदेश योजना आयोग
मुकामः बुटवल, नेपाल



## भूमिकाः

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.व. २०७६ देखि आ.व. २०८०/८१) सम्म कार्यान्वयन वर्ष देखि नै मन्त्रालयगत विनियोजन गरिनु पर्ने रकमको स्थिति,उक्त रकम निकाशा भइ कार्यान्वयन भए, नभएको अवस्था र कार्यन्वयनमा देखा परेका समस्या आदि कुरालाई समेटिएर २०७६ सालदेखि २०७८ पुष मसान्त (३६) महिनाको मध्यावधि समिक्षा गरेका छौ। आवधिक योजनाको मध्यावधि समिक्षा गर्दा आगामि वर्षका प्राथमिकताहरु र त्यसका लागि आवश्यक पर्ने खर्चको उचित प्रक्षेपण भई सम्बन्धित निकायहरु बाट चालिनुपर्ने कदमहरुको समेत समिक्षा गर्न आवश्यक छ । आगामि योजनाहरु समयमै सम्पन्न गर्न सकिने कारण मध्यावधि समिक्षा प्रभावकारी विधिको रुपमा लिइन्छ । लुम्बिनी प्रदेश योजना आयोगले प्रथम आवधिक योजनाको कार्यान्वयनको सन्दर्भमा चालु योजनाको मध्यवधि समीक्षा गर्ने कार्यबाट अवश्य पनि प्रदेश सरकारलाई दीर्घकालीन लक्ष्य निर्धारण गर्न,गौरवका योजना बनाउन सरकारले बनाएका उद्देश्य एवं लक्ष्यलाई प्रभावकारीता र विनियोजित बजेटलाई कार्यान्वयन गर्न सघाउ पुऱ्याउनेछ।

लुम्बिनी प्रदेश देशभरका सातै प्रदेशसँग समीक्षा गर्दा हाम्रो साधनस्रोतले भ्याए सम्म कुनै ठाउँमा प्रथम, दोस्रो र कुनै ठाउँमा तेस्रो स्थानमा रहेका छौं । आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ मा प्रदेशको कुल बजेट क्रमश ३६.४६१ अर्ब र ३९.१५४ अर्ब मध्ये पूँजीगत खर्च क्रमश ७९.२९ प्रतिशत र ८३.३६ प्रतिशत भएको छ, जसको औषत ८१.३२ पर्दछ । ०७८/०७९ को बजेट ४१ अर्ब रहेपनि अहिले आउँदा ७०.७७ प्रगति रहेको छ । यो समग्रलाई हेर्दा पूजीगत खर्चको औषत २ बर्षमा ६७.१८ प्रतिशत छ यसलाई नराम्रो भन्न मिल्दैन ।यो प्रदेश मा विश्लेषण गर्दा उत्कृष्ट अंक प्राप्त गर्ने प्रदेश लोक सेवा आयोग रहेको छ। त्यसपछि अरु क्षेत्रमा क्रमश रहेको पाइन्छ। प्रदेशको आर्थिक सामाजिक तथा परिसूचकहरु पंचवर्षीय लक्ष्यको नजिक पुगेको देखिन्छ । यसले के पुष्टी गर्दछ भने मुलुकले संघीयता अंगीकार गरेकोलाई ठीक छ भन्ने प्रमाणीत गरेको छ। संघले संविधानका अनुसुचिमा प्रदेशलाई दिने अधिकार दिएमा प्रदेशलाई नतिजामुखी बनाउन सकिन्छ ।

मितिः २०७९/०४/२६

वामदेव क्षेत्री (घिमिरे)
उपाध्यक्ष
लुम्बिनी प्रदेश योजना आयोग

# कार्यकारी सारांश

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आ.व.२०७६/७७ देखि आ.व.२०८०/८१ सम्म) कार्यान्वयन वर्ष देखि नै मन्त्रालयगत विनियोजन गरिनु पर्ने रकमको स्थिति, उक्त रकम निकासा भई कार्यान्वयन भए नभएको अवस्था र कार्यान्वयनमा देखा परेका समस्याहरु आदि कुराहरु समेटी आवधिक योजनाको मध्यावधि समीक्षा गर्दा आगामी वर्षका प्राथमिकताहरु र त्यसकालागि आवश्यक पर्ने खर्चको उचित प्रक्षेपण भई सम्बन्धित निकायहरुबाट चालिनु पर्ने कदमहरुको समेत समीक्षा हुने गर्दछ। योजना कार्यान्वयनका सन्दर्भमा के कस्ता अप्ठ्याराहरु आउने गर्दछन्, ती समस्याहरु स्थाई प्रकृतिका हुन् कि अस्थाई, आन्तरिक व्यवस्थापनका उपज हुन् कि वाह्य परिस्थितिका कारण समस्याहरु देखा परेका हुन् भन्ने बारे पर्याप्त समीक्षा हुँदा आगामी योजनाहरु समयमै सम्पन्न गर्न सकिने कारण मध्यावधि समीक्षा प्रभावकारी विधिको रुपमा लिइन्छ। लुम्बिनी प्रदेश योजना आयोगले प्रथम आवधिक योजनाको कार्यान्वयनको सन्दर्भमा चालु योजनाको मध्यावधि समीक्षा गर्ने कार्यबाट अवश्य पनि प्रदेश सरकारका दीर्घकालिन लक्ष्यहरु, उद्देश्यहरु तथा ती लक्ष्य तथा उद्देश्यहरु प्राप्त गर्न चालिएका कदमहरुको प्रभावकारिता र विनियोजित बजेटको प्रर्याप्तताबारे ठोस विश्लेषण गर्न सघाउ पुर्‍याउँछ।

समग्र अर्थतन्त्रमा लुम्बिनी प्रदेशको कुनै क्षेत्रका दोस्रो र कुनै क्षेत्रमा तेस्रो स्थान छ भने प्रथम स्थानमा बागमती प्रदेश नै छ। आ.व. २०७६/७७ र आ.व. २०७७/७८ मा प्रदेशको कूल बजेट क्रमशःरु ३६.४१६अर्ब र रु ३९.१५४ अर्ब मध्ये पूँजीगत खर्च क्रमश७९.२९ प्रतिशत र ८३.३६ प्रतिशत भएको पाइयो जुन औषतमा ८१.३२ प्रतिशत हो। यो खर्च संरचनाको हिसाबले निकै उत्साहजनक तथ्य हो र यसको निरन्तरता अनिवार्य पनि छ। अध्ययन अवधिमा भएका चालु खर्च र पूँजीगत खर्चको समग्र औषत ६७.१८ प्रतिशत रहेको छ जसलाई नराम्रो भन्न मिल्दैन। लुम्बिनी प्रदेश सरकार र सम्बद्ध निकायहरुको वित्तीय प्रगति तथा दिगो विकास लक्ष्यको सापेक्षातामा भए गरेका खर्च तथा उपलब्धिहरुको आधारमा विश्लेषण गर्दा सब भन्दा उत्कृष्ट अंक प्राप्त गर्नेमा प्रदेश लोकसेवा आयोग रहेको छ जसले शत प्रतिशत अंक पाउन सफल भएको छ। उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्य न्यायधिवक्ताको कार्यालयले ९० अंक ल्याई दोस्रो स्थानमा उभ्याएका छन्। मुख्यमंत्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, शिक्षा तथा सामाजिक विकास मन्त्रालय र प्रदेश योजना आयोगले ८० अंक ल्याई तृतीय स्थान हासिल गरेका छन्। उपलब्धि सांकेतिकरणमा रातो रंग पाएका मन्त्रालयहरुको कार्य प्रणाली कमजोर भएको कारणले नभई विभिन्न समयमा सरकारको निर्णय अनुसार गाभिने र अलग्गिने काम भएको हुनाले पछिल्लो एक वर्षको भारले औषत मूल्यांकनमा कम अंक देखिएको कारणले गर्दा त्यसो हुन गएको हो। सकेसम्म सरकारले मन्त्रालयहरुलाई नचलाई उनीहरुलाई आफ्नो काम प्रभावकारी रुपले

गर्ने वातावरण निर्माण गर्दा सुशासन र विकासको हिसाबले उचित हुने देखिन्छ। कोरोना माहामारीको समयमा प्रदेश सरकारले संघीय सरकार स्वास्थ्य मन्त्रालयसंग सहकार्य गर्दै स्थानीय रुपमा साधन र स्रोतको परिचालनबाट अधिकतम पहलकदमी लिएको कारण माहामारीमा केही सुधार देखिनै वित्तिकै अर्थतन्त्रका ८ वटा क्षेत्रको गतिविधि सुधारोन्मुख देखिएको छ जसले चालु आ.व.को अन्त्य सम्म पुनरोत्थानमा जाने शुभ संकेतहरु देखिएका छन्। प्रदेशका आर्थिक, सामाजिक तथा अन्य परिसूचकहरु पञ्चवर्षीय लक्ष्यको नजिक देखिएका हुनाले आ.व. २०८०/८१ सम्म सम्पूर्ण लक्ष्य प्राप्त भई दीगो विकासका लक्ष्यहरु भेटाउन सकिने कुरामा धेरै आशावादी रहने स्थिति देखा परेको छ। यसबाट मुलुकले अंगीकार गरेको संघीय स्वरुप ठीक छ र यसले समाजमा रहेका गरिवी, भोकमरी, बेरोजगारी, न्यून आर्थिक वृद्धि तथा असमानता जस्ता समस्याहरु हल गर्न सकिन्छ भन्ने कुरा पुष्टि हुन्छ।

# विषय-सूची


| शीर्षक | पेज नं. |
|---|---|
| परिच्छेद एक :समष्टिगत मूल्याङ्कन | १ |
| १.१ परिचय | १ |
| १.२ राष्ट्रिय अर्थतन्त्रको विश्लेषण | २ |
| १.३ प्रादेशिक अर्थतन्त्रको विश्लेषण | ३ |
| १.३.१ जनसांख्यिक स्थिति | ६ |
| १.४ लुम्बिनी प्रदेशको भूगोल | ६ |
| १.५ लुम्बिनी प्रदेशको परियोजना बैंकमा रहेका आयोजनाहरु | ७ |
| १.६ प्रदेशको समृद्धिका आधारहरु | ८ |
| १.७ योजना तर्जुमाका आधारहरु | ९ |
| १.७.१ प्रादेशिक योजनाको दीर्घकालिन सोंच | ९ |
| १.७.२ प्रादेशिक योजनाको लक्ष्य | ९ |
| १.७.३ प्रादेशिक योजनाको उद्देश्य | ९ |
| १.७.४ आवधिक योजनाको रणनीति | ९ |
| १.७.५ केही मूल नीति | १० |
| १.८ योजनाको मध्यावधि मूल्यांकनको उपादेयता | ११ |
| १.९ कोभिड माहामारी विरुद्धको लडाईमा प्रदेश सरकार | ११ |
| परिच्छेद दुई :अध्ययन विधि | १३ |
| २.१ अध्ययनको क्षेत्र | १३ |
| २.२ दिगो विकास लक्ष्य | १४ |
| २.३ परियोजनाको गुणात्मक उपलब्धि मापनको बिधि | १४ |
| २.४ अध्ययनको ढाँचा | १५ |
| २.५ प्रतिवेदनको प्रारुप | ६ |
| २.६ अध्ययनको सीमा | १७ |

परिच्छेद तीनः मध्यावधि समीक्षा १८
३.१ मन्त्रालयगत तथा सम्बद्ध निकायहरुको खर्च विश्लेषण १८
३.२ प्रदेश सरकारका मन्त्रालय तथा सम्बद्ध निकायहरुको प्रगति मूल्यांकन १९
३.३ मन्त्रालय तथा सम्बद्ध निकायहरुको उपलब्धिको सांकेतिकरण २०
३.४ परिमाणात्मक लक्ष्यको मध्यावधि उपलब्धि संकेत २२
३.५ लक्ष्य तथा उपलब्धिको चित्रात्मक प्रस्तुतिकरण २४
३.६ लुम्बिनी प्रदेशको बजेट तथा खर्चको स्थिति २८
३.७ लुम्बिनी प्रदेशको समष्टिगत आर्थिक नतिजा खाका २९
३.८ बाँकि अवधिको क्षेत्रगत कार्य योजनाबारे सुझाव ३८
३.९ समस्या तथा चुनौतिहरु ३७
३.१० भावि कार्यदिशा ३८
३.११ निष्कर्ष ३९

तालिका सूची

तालिका १ः प्रादेशिक आर्थिक परिसूचकहरु १
तालिका २ः लुम्बिनी प्रदेशको अर्थतन्त्रको संरचना ५
तालिका ३ः लुम्बिनी प्रदेशको भौगोलिक तथा जनसांख्यिक स्थिति ७
तालिका ४ः लुम्बिनी प्रदेशको परियोजनाा बैंकमा रहेका आयोजनाहरु ७
तालिका ५ः समीक्षाका निम्ति भार तथा प्रगति निर्धारक सूचक विधि १४
तालिका ६ः उपलब्धिको सांकेतिकरण विधि १५
तालिका ७ः मन्त्रालयगत तथा सम्बद्ध निकायहरुको खर्च १८
तालिका ८ः प्रदेश सरकारका मन्त्रालय तथा सम्बद्ध निकायहरुको प्रगति मूल्यांकन २०
तालिकाः ९ मन्त्रालय तथा अन्य निकायहरुको समग्र उपलब्धि संकेत २१
तालिका १०ः उपलब्धि संकेत २३
तालिका ११ः विनियोजित बजेट तथा खर्चको स्थिति २८
तालिका १२ कः प्रभाव सूचक तालिका २९
तालिका १२ खः प्रतिफल सूचक तालिका २९
तालिका १३ कः प्रभाव सूचक तालिका ३०
तालिका १३ खः प्रतिफल सूचक तालिका ३०

परिच्छेद १

# समष्टिगत मूल्याङ्कन

## १.१ परिचय

वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा ५० (३) मा "सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्धारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य" हुने उल्लेख भए अनुरुप वि.सं.२०७४ सालमा तीन वटै तहहरुको निर्वाचन चरणवद्ध रुपमा सम्पन्न भई जन निर्वाचित सरकारहरुबाट आ–आफ्नो कार्यभार आएको छ। संविधानले निर्दिष्ट गरेको आर्थिक सामाजिक मार्ग चित्रलाई आत्मसात् गर्दै लुम्बिनी प्रदेश सरकारले आ.व.२०७४/७५ को वार्षिक नीति तथा कार्यक्रममा प्रदेशको आवधिक योजना बनाउने कार्यलाई उच्च प्राथमिकता दिई आ.व.२०७६/७७ मा आ.व.२०८०/८१ सम्मको अवधिलाई समेटेर प्रदेशको प्रथम आवधिक योजना निर्माण गरी कार्यान्वयनमा समेत ल्याइ सकेको छ। यसै सन्दर्भमा यस प्रदेशको उक्त प्रथम आवधिक योजनाको मध्यावधि मूल्यांकन गर्दै जानु उपयुक्त भएकोले मध्यावधि मूल्यांकन प्रतिवेदन तयार पारी प्रस्तुत गरिएको छ।

संविधानले परिकल्पना गरे बमोजिम प्रदेशमा सन्तुलित अर्थ व्यवस्थाको सोचलाई मूर्तरूप दिनको लागि आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) सँग सामञ्जस्य हुनेगरी आर्थिक वर्ष २०७८/७९-८०/८१ का मध्यमकालीन खर्च संरचना समेत तर्जुमा गरी लागु गरिएको छ। यसका अतिरिक्त प्रदेश सभाबाट पारित आ.व.२०७६/०७७, आ.व. २०७७/०७८ र आ.व.२०७८/०७९को नीति तथा कार्यक्रमहरु प्रथम आवधिक योजनाले परिलक्षित गरेअनुरूप बनेका छन् छैनन् र उक्त योजनाले निर्दिष्ट गरेका लक्ष्यहरु पूरा भए भएनन् भन्ने समीक्षा यस अध्ययनमा गरिएको छ। यस बीचमा कोभिड-१९ महामारीको अवस्थाले समग्र राष्ट्रकै आर्थिक वृद्धिमा नकारात्मक असर पुर्‍याएको सन्दर्भमा यस प्रदेशले राखेका लक्ष्यहरु पूरा हुन नसक्नु स्वभाविकै हो। बदलिदो परिस्थिति अनुरूप प्रदेशको आर्थिक पुर्नसंरचना गर्दै तथा उच्च रोजगारी सिर्जना गर्न सक्ने खालका आयोजना तथा कार्यत्रमहरूलाई छनौट गरिएको पाइएको छ। प्रदेशको उच्च आर्थिक वृद्धिदरलाई निर्धारण गर्ने लक्षित कार्यत्रमहरूलाई समयमा नै सम्पन्न हुने गरी मुख्य प्राथमिकतामा राखिएको छ

## १.२ राष्ट्रिय अर्थतन्त्रको विश्लेषण

नेपालमा आ.व. २०७५/७६ देखि प्रदेशगत रुपमा GDP मापन गर्न थालिएको हो। विगत ३ आर्थिक वर्षहरुमा लुम्बिनी प्रदेशको हिस्सा १४% रहेको छ। यी तीन आर्थिक वर्षहरुमा बाग्मती प्रदेशको सबैभन्दा ठुलो हिस्सा एवं प्रदेश १ को दोस्रो ठूलो हिस्सा रहेको छ। लुम्बिनीको तेस्रो ठूलो हिस्सा रहेको छ। बिगत दुई वर्षहरु - आ.व.२०७६/०७७ र आ.व. २०७७/७८) मा GDP मा लुम्बिनी प्रदेशको हिस्सा उत्साहप्रद रहेको छैन।आर्थिक वृद्धिदर आ.व. २०७६/०७७को तुलनामा आ.व. २०७७/७८ मा राष्ट्रिय औषत भन्दा बढि रहेको छ। त्यसैगरी आ.व. २०७६/७७ मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धि ऋणात्मक रहयो। आ.व. २०७७/७८ मा लुम्बिनी प्रदेशको GDP मा सेवा क्षेत्रको सबैभन्दा बढि योगदान (५३.३ प्रतिशत) एवं उद्योगको सबैभन्दा कम (१४.८ प्रतिशत) योगदान रहेको छ। कृषि क्षेत्रको योगदान सब भन्दा बढि मधेश प्रदेश (३९ प्रतिशत) र सब भन्दा कम बाग्मती प्रदेश (१२.२ प्रतिशत) रहेको छ। लुम्बिनी प्रदेशको कृषि क्षेत्रले राष्ट्रिय कृषि उत्पादनमा १७.४ प्रतिशत , उद्योगमा १५.९ प्रतिशत र सेवामा १२.३ प्रतिशत योगदान गरेको छ। यसरी राष्ट्रिय GDP मा लुम्बिनी प्रदेशले १४ प्रतिशत योगदान दिएको छ। समग्रतामा हेर्दा लुम्बिनी प्रदेशको राष्ट्रिय अर्थतन्त्रमा योगदानको हैसियत तेस्रो स्थानमा देखिन्छ।

**तालिका १: प्रादेशिक आर्थिक परिसूचकहरु**

| आर्थिक परिसूचकहरु | प्रदेश १ | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुर पश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कूल ग्राहस्थ्य उत्पादन (रु अर्ब) | ६६३.६ | ५६१.७ | १६०७.७ | ३७२.२ | ५९५.६ | १७१.८ | २९३.९ | ४२६६.३ |
| राष्ट्रिय उत्पादनमा अंश | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४.० | ४.० | ६.९ | १००.० |
| आर्थिक वृद्धिदर (प्रतिशतमा) | ३.६ | ३.५ | ४.७ | ३.६ | ३.९ | ३.६ | ३.४ | ४.० |
| कृषिमा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ | १००.० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.५ | ११.८ | ३०.५ | ११.६ | १५.९ | ३.३ | ७.३ | १००.० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.६ | ११.० | ४६.७ | ७.८ | १२.३ | ३.७ | ५.८ | १००.० |
| कूल ग्राहस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | | | | | | | | |
| कृषि क्षेत्र | ३५.२ | ३८.३ | ११.८ | २८.२ | ३१.९ | ३३.० | ३५.५ | २५.८ |
| उद्योग क्षेत्र | १६.२ | ११.५ | १०.८ | १७.५ | १४.८ | १०.७ | १३.७ | १३.१ |
| सेवा क्षेत्र | ४८.६ | ५०.२ | ७७.४ | ५४.४ | ५३.३ | ५६.३ | ५०.७ | ६१.१ |

*स्रोत:केन्द्रीय तथ्यांक विभाग,२०७८*

माथिको तालिकाबाट देशको समष्टिगत आर्थिक परिसूचकहरु निर्माणमा प्रदेशहरुको योगदान देख्न सकिन्छ। आ.व.२०७७/७८ मा नेपालको कूल ४२६६.३ अर्बको GDP रहेकोमा लुम्बिनी प्रदेशको GDP ५९५.६ थियो। अतः लुम्बिनी प्रदेशले देशको GDP मा १४ प्रतिशतले योगदान गरको थियो। यसरी लुम्बिनी प्रदेश अर्थतन्त्रको हिसाबले तेस्रो स्थानमा रहेको छ। तर लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर सबै भन्दा उच्च अंक ( ३.९ प्रतिशत) रहेको देखिन्छ तर यो राष्ट्रिय औसत आर्थिक वृद्धिदर ४ प्रतिशत भन्दा केहि सानो छ। यो प्रदेशको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान १७.४ प्रतिशत छ जुन प्रदेशगत हिसावले तेस्रो स्थानमा आउँछ। यसै गरी उद्योग र सेवा क्षेत्रले क्रमशः १५.९ र १२.३ प्रतिशत योगदान गरेको छ।

## १.३ प्रादेशिक अर्थतन्त्रको विश्लेषण

लुम्बिनी प्रदेशले प्रथम आवधिक योजना (आ.व. २०७६/७७-आ.व. २०८०/८१) कार्यान्वयनमा ल्याएको छ। समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित एवं दीगो विकासको माध्यमबाट उच्च आर्थिक वृद्धि हासिल गर्दै लुम्बिनी प्रदेशका जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य यो योजनाले राखेको छ। यो योजनाले योजना अवधिमा औषतमा ९.५% को आर्थिक वृद्धि दर हासिल गर्ने तथा मुद्रास्फिति औषतमा ६.०% मा सिमित पार्ने लक्ष्य राखेको छ। त्यसैगरी, आ.व. २०८०/८१ मा गरीबीको रेखामुनिको जनसंख्या १०% मा झार्ने, प्रति व्यक्ति आय अमेरीकी डलर १६०० पुऱ्याउने, बेरोजगारी दर ६.०% मा झार्ने, अपेक्षित आयु ७२ वर्ष पुऱ्याउँने, बाल मृत्युदर (प्रति हजार) २५ मा झार्ने, माध्यामिक तहमा कुल भर्ना दर ९३% पुऱ्याउने, सम्पुर्ण नागरिकहरुलाई खानेपानी तथा विद्युत सुविधा पुऱ्याउँने, ७०% खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याँउने एवं पक्की सडकको हिस्सा २८% पुऱ्याउँने लक्ष्य राखेको छ। सामाजिक न्यायमा आधारित रहेर अवसरको सृजना, उत्पादनमा वृद्धि, रोजगारी प्रवर्द्धन एवं गरिबी निवारण गर्ने उद्देश्यहरु पुरा गर्नको लागि योजनाले निम्न लिखित ६ वटा रणनीतिहरु अबलम्वन गर्न खोजेको छ।

- कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने।
- आवश्यक भौतिक पूर्वाधारको निर्माण तथा विस्तार गर्ने।
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने।
- सामाजिक समावेशिता एवं लैंगिक समता प्रवर्द्धन गर्ने।
- प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परीवर्तन अनुकुलित विकास गर्ने।
- विधिको शासन कायम गर्दै सुशासनको प्रत्याभूति गर्ने।

माथि उल्लेखित उद्देश्यहरु एवं लक्ष्यहरु हासिल गर्न प्रादेशिक गौरबका आयोजनाहरु कार्यान्वयन गर्ने, निर्माणाधिन पुर्वाधारका आयोजनाहरु शीघ्रातिशीघ्र सम्पन्न गर्ने, प्राथमिकताको आधारमा आयोजनाहरु छनौट गर्ने, भूमिको

उपयुक्त रुपमा प्रयोग गर्ने, स्वरोजगारी एवं रोजगारीका अवसरहरु सृजना गर्दै नागरिकको आम्दानी वृद्धि गर्ने, प्रदेशको विकासकोलागि नयाँ सम्भावनाहरुको पहिचान गर्ने, गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने, सामाजिक सहिष्णुता एवं सद्भाव कायम गर्ने, लगानी अभिवृद्धि गर्नकोलागि उपयुक्त वातावरण निर्माण गर्ने, भौतिक पूर्वाधारको विकास गर्ने, प्राकृतिक स्रोतको व्यवस्थित रुपले उपयोग गर्ने एवं पर्याप्त मात्रामा स्रोतको विनियोजन तथा लगानी गर्ने नीतिहरु यो योजनाले लिएको छ।

लुम्बिनी प्रदेशको अर्थतन्त्रको प्रमुख क्षेत्रहरु कृषि, वन तथा मत्स्यपालन, थोक तथा खुद्रा व्यापार; शिक्षा; निर्माण; सार्वजनिक प्रशासन, रक्षा तथा अत्यावाश्यक सामाजिक सुरक्षा; यातायात तथा भण्डारण; तथा उत्पादनमुलक उद्योगहरु रहेका छन् । अर्थतन्त्रको करिव एक तिहाइ हिस्सा कृषि, वन तथा मत्स्यपालनले ओगटेको अवस्था रहेको छ। यो प्रदेशको भौगोलिक विविधताले गर्दा यहाँ विभिन्न प्रकारका कृषिजन्य वस्तुहरु प्रशस्त मात्रामा उत्पादन गर्न सकिने अवस्था रहेको छ। उदाहरणको लागि, खाद्यान्न, दलहन, तेलहन, नगदे बालीहरु, फलफूल तथा तरकारी। यहाँ उत्पादन भइरहेका प्रमुख खाद्यान्न बालीहरु धान, गहुँ, मकै, कोदो, फापर एवं जौ रहेका छन्। समग्रमा भन्नुपर्दा, लुम्बिनी प्रदेश खाद्यान्न बचत हुने प्रदेश रहेको छ।

दलहन तथा तेलहनको उत्पादनमा यो प्रदेश मुलुकमा प्रथम स्थानमा रहेको छ। सुन्तला, मौसम, कागती, निबुवा, आँप, केरा, अम्बा, मेवा, भुईकटहर, लिची लगायतका फलफूहरुको उत्पादन यो प्रदेशमा भइरहेको छ। यो प्रदेशमा विभिन्न प्रकारका व्यवसायिक प्रतिष्ठानहरु रहेका छन् । तल उल्लेखित १८ वटा स्लटहरु मध्ये ६ वटा स्लटमा धनात्मक परिवर्तन देखिएको छ भने ६ वटा स्लटमा ऋणात्मक परिवर्तन र बाँकी ६ वटा स्लटमा शून्य परिवर्तन देखिएको छ। परिवर्तनको गुणाङ्क भने अत्यन्त सानो देखिन्छ। थोक तथा खुद्रा व्यापार, मोटर र मोटरसाइकल मर्मतमा ०.५ मा धनात्मक परिवर्तन भएको देखिन्छ भने अन्य स्लटहरुमा भएको परिवर्तन ०.५ भन्दा कम रहेको पाईन्छ। यसको एउटा मात्रै कारण भनेको आ.व.२०७६/०७७ को मन्दिले खल्बल्याएको अर्थतन्त्र जेनतेन तङ्ग्रिन प्रयाश गरेको कारण यस्तो स्थिति देखा परेको हो।

प्रदेश अर्थतन्त्रमा औद्योगिक वर्गीकरण अनुसार कृषि वन तथा मत्स्यपालन क्षेत्रले आ.व.२०७६/७७ मा ३२.१ प्रतिशत र आ.व.२०७७/७८ मा ३१.९ प्रतिशत हिस्सा ओघटेको छ। पछिल्लो वर्ष कृषि वन तथा मत्स्यपालनको दर केहि घट्नुमा कोभिड माहामारीले समग्र अर्थतन्त्रलाई पारेको प्रभाव मुख्य रुपमा रहेको छ। दोस्रो स्थानमा थोक तथा खुद्रा व्यापार, मोटर र मोटरसाइकल मर्मत क्षेत्र रहेको छ जुन १०.७ प्रतिशत छ। तेस्रो स्थानमा शिक्षा क्षेत्र रहेको छ जसले १०.४ प्रतिशत हिस्सा ओघटेको छ। त्यस पछि सार्वजनिक प्रशासन र रक्षा, सामुदायिक सुरक्षाले ९.५ प्रतिशत हिस्सा लिंदै चौथो स्थान र निर्माण क्षेत्रले ७.३ प्रतिशत पकड राख्दै पाँचौं र उद्योगले ५.७ हिस्सा सहित छैटौं स्थान

हासिल गरेको छ। यातायात तथा भण्डारणले ५.५ प्रतिशत हिस्सा ओघटेर सातौं स्थान जमाएको छ।अन्य क्षेत्रको हिस्सा ५ प्रतिशत भन्दा कमै रहेको छ। उद्योग, थोक तथा खुद्रा व्यापार, मोटर र मोटरसाइकल मर्मत, यातायात तथा भण्डारण, होटल तथा रेष्टुरेण्ट र रियल स्टेट क्रियाकलापमा पछिल्लो वर्ष सुधार देखा परेको छ भने अन्य क्षेत्रहरु कि त शून्य प्रगति या ऋणात्मक दिशा तर्फ गएको देखिन्छ। यो क्षेत्रगत प्रवृत्ति हेर्दा आ.व. २०७८/७९ को अन्त्य सम्ममा अर्थतन्त्र पुनरोत्थान हुने आंकलन गर्न सकिन्छ।

**तालिका २ः लुम्बिनी प्रदेशको अर्थतन्त्रको संरचना** (प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ (अनुमानित) | परिवर्तित (पछिल्लो २ वर्षको) |
|---|---|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | ३०.७ | ३०.५ | २९.४ | |
| खानी तथा उत्खनन् | ०.७ | ०.७ | ०.७ | |
| उद्योग | ५.८ | ६.२ | ६.४ | |
| विद्युत, ग्याँस, वाफ तथा एयरकन्डिसन आपुर्ति | ०.६ | ०.६ | ०.६ | |
| पानी वितरण (ढल निकास, फोहर व्यवस्थापन तथा उपचार कृयाकलापहरु) | ०.८ | ०.७ | ०.७ | |
| निर्माण | ७.७ | ७.३ | ७.६ | |
| थोक तथा खुद्रा व्यापार, मोटर र मोटरसाइकल मर्मत | १०.७ | ११.४ | ११.७ | |
| यातायात तथा भण्डारण | ५.५ | ५.७ | ६.३ | |
| होटल तथा रेष्टुरेन्ट | १.२ | १.३ | १.४ | |
| सूचना तथा संचार | २.५ | २.४ | २.३ | |
| वित्तीय तथा बीमा कृयाकलापहरु | ५.३ | ५.४ | ५.३ | |
| रियलस्टेट क्रियाकलापहरु | ४.९ | ४.७ | ४.६ | |
| व्यवसायिक, वैज्ञानिक तथा प्राविधिक कृयाकलापहरु | ०.६ | ०.६ | ०.६ | |
| प्रशासनिक तथा सामाजिक कृयाकलापहरु | ०.४ | ०.४ | ०.४ | |
| सार्वजनिक प्रशासन र रक्षा, सामुदायिक सुरक्षा | ९.६ | ९.३ | ९.२ | |
| शिक्षा | १०.५ | १०.१ | १०.१ | |
| स्वास्थ्य र सामाजिक कार्य, अन्य सेवा सम्बन्धी कृयाकलापहरु | २.१ | २.१ | २.१ | |
| कला, मनोरञ्जन र अन्य कृयाकलापहरु तथा घरायसी कामकाज, घरायसी प्रयोजनका लागि उत्पादित वस्तु | ०.५ | ०.५ | ०.५ | |
| जम्मा | १००.० | १००.० | १०० | - |

*स्रोतः केन्द्रीय तथ्यांक विभाग, २०७८*

### १.३.१ जनसांख्यिक स्थिति

यस वर्ष सार्वजनिक भएको जनगणनाको प्रारम्भिक प्रतिवेदन २०७८ अनुसार लुम्बिनी प्रदेशमा कूल ५१,२४,२२५जनसंख्या रहेको छ जसमा पुरुष २४,५७,४८४ र महिला २६,६६,७४१ छन् । पुरुषको भन्दा महिलाको जनसंख्या २,०९,२५७ ले बढि छ भने जनसंख्या वृद्धिदर १.२५ रहेको छ जुन राष्ट्रिय जनसंख्या वृद्धिदर ०.९३ भन्दा बढि हो । यहाँका १०,०६,४५० घर धुरीमा ११,५५,५२३ परिवार बसोबास गर्दै आएका छन् । यस प्रदेशको लैंगिक अनुपात ९२.१५ छ भने जुन राष्ट्रिय लैंगिक अनुपात ९५.९१ भन्दा कम हो । परिवारको औषत आकार ४.४३ छ जुन राष्ट्रिय रुपमा रहेको पारिवारिक औषत आकार ४.३२ भन्दा बढि रहेको छ । जनघनत्व प्रति वर्ग किलोमिटर २३० रहेको छ जुन राष्ट्रिय जनघनत्व प्रति वर्ग किलोमिटर १९८ भन्दा बढि छ ।

जिल्लागत हिसाबले लुम्बिनी प्रदेशको जनसंख्या वितरण हेर्दा नवलपरासी पश्चिम (३,८५,५१५), रुपन्देही (११,१८,९७५), कपिलवस्तु (६,६८,७३२), पाल्पा (२,४२,४२३), गुल्मी (२,४६,८३६), अर्घाखाँची (१,७७,२००), प्यूठान (२,३१,८४८), रोल्पा (२,३६,२२६), रुकुम पूर्व (५७,९६२), दाङ (६,७६,२७७), बाँके (६,०३,३९३) र बर्दिया (४,६०,८३१) रहेको छ । जनसंख्या वृद्धिलाई नियाल्दा नवलपरासी पश्चिम (१.४४), रुपन्देही (२.३), कपिलवस्तु (१.७६), पाल्पा (–०.७२),गुल्मी (–१.२२), अर्घाखाँची (–१.०५), प्यूठान (०.१६), रोल्पा (०.४९), रुकुम पूर्व (०.८३), दाङ (१.९४), बाँके (१.९७) र बर्दिया (०.७४) रहेको छ । अतः कूल जनसंख्या र जनसंख्या वृद्धि दरको हिसाबले रुपन्देही जिल्लाको आंकडा उच्च छ भने न्यून जनसंख्या भएको जिल्लामा रुकुम र न्यूनतम जनसंख्या वृद्धिदर भएको जिल्ला गुल्मी रहेको छ । स्थानीय निकायहरु मध्ये सबभन्दा बढि जनसंख्या भएको स्थानीय निकायमा दाङको घोराही उपमहानगरपालिका पर्दछ जहाँ कूल २,०१,०७९ जनसंख्या रहेको छ भने दोस्रो ठूलो जनसंख्या भएको स्थानीय निकायमा रुपन्देहीको बुटवल उपमहानगरपालिका पर्दछ जहाँ १,९५,०५४ जनसंख्या रहेको छ । सबभन्दा कम जनसंख्या रहेको स्थानीय निकायमा रोल्पाको थवाङ गाउँपालिका पर्दछ जहाँ ११,००८ जनसंख्या रहेको छ भने दोस्रो कम जनसंख्या भएको स्थानीय निकायमा गुल्मीको कालिगण्डकी गाउँपालिका पर्दछ जहाँ १५,१०६

### १.४ लुम्बिनी प्रदेशको भूगोल

कूल २२,२८८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको लुम्बिनी प्रदेशमा जम्मा १२ जिल्लाहरु समेटिएका छन् । नवलपर ासी पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुम पूर्व, दाङ, बाँके र बर्दिया लुम्बिनी प्रदेश भित्रका जिल्लाहरु हुन् । तराईको समथर भू–भागदेखि भित्री मधेश एवम् पहाडी र हिमाली क्षेत्र समेटेर बनेको यो प्रदेशलाई भौगोलिक आकार, जैविक विविधता र सभ्यता एवं सांस्कृतिक दृष्टिले लघु नेपालको रुपमा लिने गरिन्छ । यस प्रदेशको ३.१ प्रतिशत भ-भाग उच्च हिमाल, ९.१ प्रतिशत उच्च पहाड, ३२.२ प्रतिशत मध्य पहाड, २७.९

शिवालिक र २७.६ प्रतिशत तराई क्षेत्र रहेको छ। अतः यो प्रदेश पूर्वमा पाल्पाको रामपुर देखि पश्चिममा राजापुरसम्म र उत्तरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म यो प्रदेश फैलिएको छ। भगवान गौतमवुद्धको जन्म स्थल लुम्बिनी र दक्षिण एशियाकै ठूलो दाङ उपत्यका यसै प्रदेशमा रहेका छन। यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी १०९ वटा स्थानीय तहहरु रहेका छन् जसमा ९८३ वडाहरु छन्।

**तालिका ३: लुम्बिनी प्रदेशको भौगोलिक तथा जनसांख्यिक स्थिति**

| प्रदेश | जिल्लाहरुको संख्या | स्थानीय निकायहरुको संख्या | जनसंख्या | जनसंख्या % | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल % | जनघनत्व (प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|---|
| लुम्बिनी | १२ | १०९ | ५१,२४,२२५ | १७.५५ | २२२८८ | १५.१ | २३० |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग ( २०२० )*

जनसंख्या रहेको छ।

## १.५ लुम्बिनी प्रदेशको परियोजना बैंकमा रहेका आयोजनाहरु

लुम्बिनी प्रदेश सरकारले यस प्रदेशको भौगोलिक विविधतालाई आधार बनाई निम्नानुसारका आयोजनाहरु परियोजना बैंकमा राखेको छ। यी परियोजनाहरुको पूर्णतासंगै साधनको परिचालन हुन गई उत्पादन र रोजगारीको माध्यमबाट आर्थिक क्षेत्र चलाएमान हुने अपेक्षा गरिएको छ। कूल १४ वटा आयोजनाहरु आयोजना बैंकमा राखिएका छन् जस मध्ये आ.व.०७६/०७७ मा ५ वटा र आ.व.०७७/०७८ मा ९ आयोजाहरु समावेश गरिएका छन्। प्रदेश सरकारको बजेट तथा संघीय सरकारको सहयोग प्राप्त गरेपछि यी आयोजना निर्माणको कामलाई गति दिइने छ जसबाट प्रदेश सरकारले राखेको उच्च आर्थिक वृद्धि हासिल गर्न टेवा पुग्नुको साथै रोजगारी सिर्जना भई सामाजिक न्याय स्थापनामा सघाउ पुग्ने अपेक्षा गरिएको छ। साथै यी परियोजनाका आतिरिक्त अन्य सम्भाव्य परियोनाहरु थप गर्दै सरकारको दिगो विकासको लक्ष्य हासिल गर्नमा सघाउ पुग्ने कुरामा सुनिश्चित हुन सकिन्छ,।

**तालिका ४: लुम्बिनी प्रदेशको परियोजना बैंकमा रहेका आयोजनाहरु**

| सि.नं. | आयोजनाको नाम | आ.व. |
|---|---|---|
| १ | शलिग्राम संग्रहालय तथा शुशोभन केन्द्र, गुल्मी | ०७६/०७७ |
| २ | उखु जुस उद्योग, कपिलवस्तु | ०७६/०७७ |

| सि.नं. | आयोजनाको नाम | आ.व. |
|---|---|---|
| ३ | कपिल कागज कारखाना, कपिलवस्तु | ०७६/०७७ |
| ४ | प्लाष्टिकबाट इन्धन उद्योग, रुपन्देही | ०७६/०७७ |
| ५ | लुम्बिनी अस्पतालको जग्गामा व्यापारिक कम्प्लेक्स | ०७६/०७७ |
| ६ | चिउरी प्रशोधन लघु उद्योग | ०७७/०७८ |
| ७ | बुटवल–गुल्मी रामायण तथा भौगर्भिक पर्यटन मार्ग | ०७७/०७८ |
| ८ | अण्डा सहकारी, रुपन्देही | ०७७/०७८ |
| ९ | प्रशोधित दाउरा उद्योग,भालुवाङ | ०७७/०७८ |
| १० | लेते पहिरो, गुल्मी | ०७७/०७८ |
| ११ | रुकुम पूर्व स्याउ परियोजना | ०७७/०७८ |
| १२ | कपिल अन्र्तराष्ट्रिय सम्मेलन केन्द्र, शखुनिया ताल | ०७७/०७८ |
| १३ | सिद्धबाबा कृतिम पठार परियोजना | ०७७/०७८ |
| १४ | बुल्म एकीकृत बस्ति विकास परियोजना | ०७७/०७८ |

स्रोतः अर्थमन्त्रालय, लुम्बिनी प्रदेश,२०७८

## १.६ प्रदेशको समृद्धिका आधारहरु

यस प्रदेशमा कृषि, उद्योग र पर्यटनको उच्च सम्भावना रहेको छ। यी तीनवटै क्षेत्र विस्तार हुने आधारहरुलाई प्रदेश सरकारले देहायका आधारहरु उल्लेख गरेको छ।

### १.६.१ भौगोलिक बनावट तथा अवस्थिति

### १.६.२ प्राकृतिक स्रोतको उपलब्धता

- वन सम्पदा
- कृषि भूमि
- खनिज सम्पदा
- जलस्रोत

**१.६.३ पूर्वाधारको उपलब्धता**

**१.६.४ सामाजिक बनोट तथा युवा जनशक्ति**

**१.६.५ पुरातात्विक ,धार्मिक तथा ऐतिहासिक स्थल**

**१.६.६ वित्तीय विस्तार**

**१.७ योजना तर्जुमाका आधारहरु**

- नेपालको संविधान
- दीगो विकासका लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु,
- दीर्घकालिन सोंच सहितको १५औं राष्ट्रिय योजना,
- प्रदेश सरकारले नीति तथा कार्यक्रम मार्फत प्रारम्भ गरेका दीर्घकालिन महत्वका विषयहरु,
- प्रदेशको आर्थिक सामाजिक लगायतका वस्तुस्थिति विश्लेषणबाट देखिएका विषयहरु राजनीतिक दल,
- निर्वाचित प्रतिनिधि तथा सरोकारवालाहरुबाट प्राप्त सुझावहरु,

**१.७.१ प्रादेशिक योजनाको दीर्घकालिन सोंच**

समृद्ध लुम्बिनीः आत्म निर्भर प्रदेश : उच्च आर्थिक वृद्धि सहित समृद्ध अर्थतन्त्र, रोजगारी सहित जीवन निर्वाहकालागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशि जनता।

**१.७.२ प्रादेशिक योजनाको लक्ष्य**

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी , सन्तुलित र दीगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशवासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु।

**१.७.३ प्रादेशिक योजनाको उद्देश्य**

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिबी निवारण गर्नु।

**१.७.४ आवधिक योजनाको रणनीति**

- कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने,
- आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने,
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने,
- सामाजिक समावेशिता र लैङ्गिक समानता प्रवर्धन गर्ने,

- प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलित विकास गर्ने,
- विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने ।

### १.७.५ केही मूल नीति

- भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन क्षेत्रलाई समेट्ने गरी बढिमा १० वटा गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने,
- संतुलित विकास गर्ने ध्येय अनुरुप प्राथमिकताका आधारमा आयोजनाहरु छनौट गर्ने,
- भू–उपयोग नीति तथा प्रचलित ऐन बमोजिम भूमिको वर्गीकरण गरेर कृषि, उद्योग र आवास क्षेत्र छुट्याउने र भूमिको उपयुक्त उपयोग गर्ने,
- युवाहरुलाई प्राविधिक शिक्षा र व्यावसायिक सीप वृद्धिका विभिन्न कार्यक्रम मार्फत क्षमता विकास गरी स्वरोजगारी र रोजगारीका अवसर सिर्जना र आयआर्जन वृद्धि गर्ने र स्वदेशमा नै रोजगारी उपलब्ध गराई बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जानु पर्ने स्थिति अन्त्य गर्ने,
- प्रदेशको समग्र आर्थिक समुन्नतिका लागि नयाँ-नयाँ सम्भावना, स्रोत र समस्याहरुको पहिचान गरी तिनको सदुपयोग गर्न वा समाधान खोज्न नव–प्रवर्तन, अध्ययन र अनुसन्धानमा लगानी गर्ने,
- उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहूँच वृद्धि गरी नागरिकको स्वस्थ रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय महिला तथा बालबालिकाहरुलाई आवश्यक सहयोग उपलब्ध गराई सम्मानजनक जीवनयापन गर्न सक्ने स्थिति सिर्जना गर्ने,
- सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, कला, भाषा र साहित्यको संरक्षण, सुधार र सम्बर्द्धन गर्दै सामाजिक सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने,
- प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित ढंगले उत्खनन् तथा सदुपयोग गर्ने र जलस्रोतको बहुआयामिक प्रयोगलाई जोड दिई एकीकृत व्यवस्थापन गर्ने,
- निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक संस्थाहरु, गैर आवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार गर्ने,
- भौतिक पूर्वाधारको विकासलाई समग्र आर्थिक सामाजिक विकाससंग तादात्म्यता मिलाउँदै जनप्रतिनिधिहरुको संलग्नता सहित जनसहभागितामूलक विकास प्रक्रिया अबलम्बन गर्ने,

- आवधिक योजनामा राखिएका आर्थिक वृद्धि तथा समृद्धिका लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने गरी संघ तथा स्थानिय तहबाट यस प्रदेशमा साधन विनियोजन एवम् लगानी केन्द्रित गर्ने र कार्यान्वयन गर्न समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

### १.८ योजनाको मध्यावधि मूल्यांकनको उपादेयता

तेह्रौं योजना देखि नेपालमा मध्यावधि मूल्यांकन गर्ने परिपाटि बसालियो । दीर्घकालिन योजना र वार्षिक बजेत बीच समन्वय र तादात्म्यता कायम गर्न यो विधि निकै उपयोगी सावित भएको छ । आवधिक योजना र वार्षिक बजेट बीचको सहकार्यलाई मजबुत पार्न मध्यावधि मूल्यांकनले योगदान पुऱ्याउँछ । योजना कार्यावयन वर्ष देखि नै मन्त्रालयगत विनियोजन गरिनु पर्ने रकमको स्थिती, उक्त रकम निकासा भई कार्यान्वयन भए न भएको अवस्था र कार्यान्वयनमा देखा परेका समस्याहरु आदि कुराहरु समेटी आवधिक योजनाको मध्यावधि समीक्षा गर्दा आगामी वर्षका प्राथमिकताहरु र त्यसकालागि आवश्यक पर्ने खर्चको उचित प्रक्षेपण भई सम्बन्धित निकायहरुबाट चालिनु पर्ने कदमहरुको समेत समीक्षा हुने हुँदा आम नागरिकमा संविधान प्रदत्त आर्थिक सामाजिक अधिकारको सुनिश्चिततामा बल पुग्ने कुरामा ढुक्क हुने परिस्थिति बन्दै जानेछ।

### १.९ कोभिड माहामारी विरुद्धको लडाईमा प्रदेश सरकार

कोभिड –१९ संकटबाट नेपालको अर्थव्यवस्था समेत अछुतो रहन सकेन। वार्षिक औसत ७ प्रतिशतका दरले विस्तार भैरहेको नेपालको अर्थतन्त्र आ.व. २०७६/०७७ मा करिब २ प्रतिशतले संकुचन भएको केन्द्रीय तथ्यांक विभागको संशोधित अनुमान छ। उक्त आ.व.को चौथो त्रैमासमा लकडाउन लगायतका व्यवधानका कारण आर्थिक गतिविधि अत्यन्तै प्रभावित भई त्रैमासिक ग्राहस्थ्य उत्पादन १५.४ प्रतिशतले संकुचन हुन पुग्यो। नेपाल राष्ट्र बैंकको २०७७ को सर्वेक्षणले आर्थिक क्रियाकलापहरु सुधारोन्मुख रहेको तर महामारी पूर्वको अवस्थामा अझ नआइसकेको देखाएको छा कोभिड माहामारीबाट नेपाली अर्थतन्त्रले आ.व.२०७६/०७७ – आ.व.२०७७/०७८ को अवधिमा करिब रु ७०० अर्ब बराबरको क्षति व्यहोर्नु परेको छ जुन उक्त अवधिको कूल सम्भावित आयको करिब ७.५ प्रतिशत हुन आउँछ। समष्टिगत रुपमा क्षेत्रगत हिसावले कूल आयमा भएको क्षति मध्ये सेवा क्षेत्रले ५८ प्रतिशत,उद्योग क्षेत्रले १८ प्रतिशत, कृषि क्षेत्रले ६ प्रतिशत र बाँकी क्षेत्रहरुले १८ प्रतिशत क्षति वस्तु तथा सेवाबाट संकलन हुने खुद अप्रत्यक्ष करमा भएको देखिन्छ। यसबाट कृषि क्षेत्रले करिब रु ४० अर्ब आय गुमाउनु पर्ने अवस्था सिर्जना भएको छ भने उद्योग तथा सेवा क्षेत्रले क्रमशःरु १२८ अर्ब र ४०३ अर्ब गुमाउनु पर्ने अवश्था आयो। अतः यो संकटबाट गएका दुई आर्थिक वर्षहरुमा नेपालले करिब रु १३० अर्बको आम्दानी गुमाउनु पुगेको अनुमान छ। कोभिड संकटबाट मुलुकका सबै जसो आर्थिक गतिविधिहरु प्रभावित भएका छन्। त्यस मध्ये पर्यटन क्षेत्रमा गहिरो प्रभाव परेको छ भने पर्यटन क्षेत्रसंग

सम्बन्धित क्षेत्रमा समेत लामो समय यसको प्रभाव रहने देखिन्छ । यसरी मुलुकको आर्थिक गतिविधिहरु प्रभावित भइरहँदा उल्लेख्य रुपमा रोजगारीका अवसर तथा आय गुमाउनु परेको छ । यस सन्दर्भमा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न समेत थप चुनौतिपूर्ण भएको छ। नेपालको संविधान २०७२ ले समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरे अनुरुप निश्चित गरिएको राष्ट्रिय सोंच– **समृद्ध नेपालः सुखी नेपाली** र उक्त नारालाई चरितार्थ गर्न निर्धारण गरिएको मार्ग चित्र–समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, सम्मानित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक । यस मार्ग चित्रमा सघाउ पुग्ने गरी प्रदेश सरकारले तय गरेका दीर्घकालिन सोंच, लक्ष्य,रणनीति र कार्यक्रमहरु सबैमा यस माहामारीले ठूलो अवरोध सिर्जना गर्‍यो । माहामारीको शुरुको वर्ष यस प्रदेशको आर्थिक वृद्धि दर ०.५ प्रतिशतमा सीमित हुन गयो । त्यस पछिको दोस्रो लहरको कारण अर्थतन्त्र पुनः शिथिल हुन गयो। वैदेशिक रोजगारीमा गएका युवाहरु स्वदेश फर्कनु पर्‍यो भने आन्तरिक रुपमा मन्दि तर्फ धकेलिएको अर्थतन्त्रको कारण वेरोजगारी झन थपियो । तसर्थ, परिवर्तित परिस्थितिमा जनताको जीनवस्तर उकास्नका निम्ति मुलुकले अगाडि बढाएका विभिन्न आर्थिक रणनीतिहरुमा पूर्नविचार गर्नु पर्ने खाँचो टड्कारो रुपमा देखा परेको छ। नेपाल सरकारले वित्तीय तथा मौद्रिक नीति मार्फत कोभिड संकटबाट बढि प्रभावित क्षेत्रहरुको पुर्नरुत्थानका निम्ति विषेश योजना तथा कार्यक्रम ल्याउने, अनौपचारिक क्षेत्रमा कार्यरत ठूलो हिस्सामा रहेको जनशक्तिलाई पुनः श्रम बजारमा एकिकरण गर्ने तथा जोखिम–उन्मुख घर परिवारहरुका लागि थप राहतका कार्यक्रमहरु अगाडि ल्याउन सकिएमा अर्थतन्त्रको पुर्नरुत्थानमा अवश्य टेवा पुग्ने छ।

नेपाल सरकारको नीति, निर्णय र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम प्रदेश सरकारल माननीय मुख्यमन्त्री ज्युको अध्यक्षतामा कोरोना संकट व्यवस्थापन केन्द्र (CCMC) गठन गर्दै कोभिड नियन्त्रण, रोकथाम र उपचारको लागि बुटवल, दाङ, भैरहवा र नेपालगञ्जमा ४ वटा कोरोना विशेष अस्पताल र ४ वटा प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याई कोभिड माहामारी रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रभावकारी रुपमा कार्यक्रम संचालन गरेको तथ्यहरुबाट देखिन्छ। यसका निम्ति कोष स्थापना एवम् परिचालन गर्दै क्वारेण्टिन र आइसोलेशन सेण्टर संचालन गर्ने, थप उपकरण र जनशक्ति तथा औषधिको प्रबन्ध गर्ने र थप मानवीय क्षति हुन नदिन प्रर्याप्त सजगता अपनाएको देखिन्छ।

# अध्ययन विधि

## २.१ अध्ययनको क्षेत्र

यस मध्यावधि समीक्षा अध्ययनले लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाको उद्देश्य, रणनीति र कार्यक्रमको प्रगतिको समीक्षा गर्नुको साथै समष्टिगत तथा क्षेत्रगत उपलब्धीहरुको पनि समीक्षा गर्दछ। यस अध्ययनमा क्षेत्रगत समस्याहरुको पहिचान तथा समाधानका उपायहरु तथा आगामी योजना तर्जुमा गर्दा समेटनु पर्ने विषयवस्तु र प्रभावकारी कार्यान्वयनका उपयुक्त सुझावहरु प्रस्तुत गर्दछ। मुलतः प्रथम आवधिक योजना प्रकाशित भए देखि यता आ.व.२०७६/०७७, आ.व.२०७७/०७८ र आ.व.२०७८/०७९ को प्रथम ६ महिना गरी जम्मा ३० महिना अवधि भित्रको द्वितीय स्रोतबाट सूचना संकलन गरिएको छ। संघीय सरकार, केन्द्रिय तथ्यांक विभाग, नेपाल राष्ट्र बैंक लगायतका निकायहरुको प्रतिवेदनहरुबाट समष्टिगत द्धितीय तथ्यांक लिईएको छ। यसका अतिरिक्त प्रदेश सरकारको विषयगत मन्त्रालय तथा निकायहरुबाट यथार्थ सूचना प्राप्त गर्नको निम्ति सरकारले सम्पन्न गरेका प्रमुख योजना तथा कार्यक्रमको परिमाणात्मक प्रगति विवरण पनि अध्ययनमा समावेश गरिएका छन्। Format अनुसारका सूचना र विभिन्न द्धितीय तथ्यांकबाट प्राप्त तथ्यहरुलाई आधार मानी सम्बन्धी मन्त्रालय वा निकायका प्रतिनिधिहरुसंग अर्न्तक्रिया गरी विषयवस्तु बारे थप प्रष्ट तस्विर लिने प्रयास गरिएको छ। सरकारले हासिल गरेका लक्ष्यहरुलाई दीगो विकास लक्ष्यसंग तादात्म्यता कायम हुने गरी र लुम्बिनी प्रदेशमा आवधिक योजना लागु भए पश्चात् राखिएका लक्ष्य र उद्देश्यहरुको सापेक्षतामा गुणात्मक विश्लेषण गरिएको छ। दीगो विकास लक्ष्य संयुक्त राष्ट्र संघले विश्वबाट गरिवी हटाई मानव जीवनलाई सुखी र खुशी तुल्याउँदै सम्मानजनक रुपमा प्राकृतिक वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न सन् २०१६ देखि लागु हुने गरी कार्यान्वयनमा ल्याइएको कार्यक्रम हो। सन् २०३० सम्ममा विभिन्न १७ वटा लक्ष्यहरु पूरा गर्नको निम्ति आर्थिक, प्राविधिक तथा नैतिक सहयोग विश्वका विशेष गरी अति कम विकसित र विकाशोन्मुख देशहरुमा उपलब्ध गराउन संयुक्त राष्ट्र संघ क्रियाशिल रहेको छ। यसै सेरोफेरोमा रहेर नेपालले आफ्ना समष्टिगत नीतिहरुमा सुधार गरेर सन् २०३० सम्म निर्धारित लक्ष्यहरु पूरा गर्ने प्रतिवद्धता व्यक्त गरेको छ भने प्रदेश सरकारहरुले नेपालको समष्टिगत लक्ष्यमा टेवा पुग्ने गरी प्रदेशगत दीर्घकालिन लक्ष्य, साधारण लक्ष्य र रणनीतिहरु निर्माण गर्दै कार्यान्वयनमा ल्याइ सकेका छन्। अतः प्रदेश सरकारले तय गरेका लक्ष्य तथा रणनीतिहरुलाई दीगो विकासको लक्ष्यको ऐनामा राखेर हेर्दा उपयुक्त ठानी दीगो विकासको लक्ष्यको सापेक्षतामा यस प्रदेशको मध्यावधि उपलब्धीको मापन गरिएको छ। परियोजनाको भैातिक तथा वित्तीय उपलब्धिको आधारमा गुणात्मक विश्लेषण गर्दा

वित्तीय उपलब्धिलाई ७० प्रतिशत र भौतिक उपलब्धिलाई ३० प्रतिशत भार दिइएको छ। दीगो विकास लक्ष्यले संख्यात्मक तथा गुणात्मक रुपमा मापन गर्न सकिने चरहरु समेटेको छ जुन यस प्रतिवेदनमा समावेश गरिएको छ।

## २.२ दिगो विकास लक्ष्य

कूल १७ वटा दीगो विकास लक्ष्यहरुका १६९ वटा परिमाणात्मक लक्ष्यहरु रहेका छन्। नेपाल समुद्रसँग प्रत्यक्ष नजोडिएको र भू सतह उपयोगमा अन्य ठूला वैकल्पिक विधिहरु समेत नरहेको कारण दिगो विकास लक्ष्य नं. १४ नेपालको सन्दर्भमा लागु हुँन सक्दैन। अन्य लक्ष्यहरुका परिमाणात्मक लक्ष्यहरु सन् २०३० सम्म पूरा गरिसक्नु पर्दछ र प्रदेश सरकार उक्त लक्ष्यहरुको कति नजिक छ भन्ने हिसावले मन्त्रालयगत वा अन्य सम्बद्ध निकायगत हिसावले कूल ३० पूर्णाक निर्धारण गरी मुल्यांकन गरिएको छ।

दीगो विकास लक्ष्यहरु निम्नानुसार रहेका छन्-१. गरिवीको अन्त्य २. भोकमरीको अन्त्य ३.स्वस्थ जीवनको सुनिश्चितता ४. गुणस्तरीय शिक्षा ५.लैंगिक समानता ६. स्वच्छ पानी तथा सरसफाइ ७. आधुनिक उर्जामा पहुँच ८. समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम ९. उद्योग, नवीन खोज र पूर्वाधार १०. असमानता न्यूनिकरण ११.समावेशीता १२. दीगो उपभोग तथा उत्पादन १३. जलवायु परिवर्तन अनुकुलन १४. भूसतह स्रोतको उपयोग १५.जैविक विविधता संरक्षण १६. शान्ति, न्यायमा पहुँच र उत्तरदायित्व १७. दीगो विकासकालागि विश्वव्यापि साझेदारी।

## २.३ परियोजनाको गुणात्मक उपलब्धी मापनको बिधि:

मन्त्रालय तथा प्रदेश सरकार सम्बद्ध निकायहरुको प्रगति मूल्यांकनकालागि संख्यात्मक र गुणात्मक आधार प्रयोग गर्ने EDMI विधि प्रयोग गरिएको छ। संख्यात्मक आधारलाई बजेट खर्च उपलब्धीले र गुणात्मक आधारलाई प्रदेश सरकार मातहतका मन्त्रालयहरु र सम्बद्ध निकायहरुको क्रियाकलापबाट दीगो विकाल लक्ष्य प्राप्तिमा गरेको योगदानको आधारमा भार निर्धारण गरी कुल प्राप्तांकको आधारमा समीक्षा गरिएको छ। वित्तीय उपलब्धीलाई ७० प्रतिशत र दीगो विकास लक्ष्यको उपलब्धिलाई ३० प्रतिशत भार प्रदान गरी समष्टिगत प्रगतिको योगफल निकाली योजनाको मध्यावधि मूल्यांकन गरिएको छ।

**तालिका ५: समीक्षाका निम्ति भार तथा प्रगति निर्धारक सूचक विधि**

| क.सं. | मूल्यांकन क्षेत्र | भार (प्रतिशत) |
|---|---|---|
| १ | विनियोजित बजेट खर्च उपलब्धी। | ७०* |
| २ | विनियोजित बजेट खर्चबाट दीगो विकास लक्ष्यमा योगदान। | ३०** |

*बजेटको खर्चको प्रतिशतलाई उक्त कार्यक्रममा गरिएको खर्चको आधारमा गणना गरिएको छ।


** प्रतिशत प्राप्तांक वितरणका मापदण्ड

| क.सं. | विकासका मापदण्ड | भार ३० मा | भार ७० मा |
|---|---|---|---|
| १ | बजेट खर्चको माध्यमबाट ८० प्रतिशत भन्दा बढी योगदान | ३० | ७० |
| २ | बजेट खर्चको माध्यमबाट ६० देखि ७९ प्रतिशत भन्दा बढी योगदान | २० | ६० |
| ३ | बजेट खर्चको माध्यमबाट ४० देखि ५९ प्रतिशत भन्दा बढी योगदान | १० | ५० |
| ४ | बजेट खर्चको माध्यमबाट ४० प्रतिशत भन्दा कम योगदान | ० | २० |

तालिका ६: उपलब्धिको सांकेतिकरण विधि

| क. सं. | प्राप्ताङ्क | Colour Code | टिप्पणी |
|---|---|---|---|
| १ | बजेट खर्चको माध्यमबाट ८० प्रतिशत भन्दा बढी योगदान | हरियो | उल्लेखनीय प्रगति |
| २ | बजेट खर्चको माध्यमबाट ६० देखि ७९ प्रतिशत भन्दा बढी योगदान | नीलो | सन्तोष जनक |
| ३ | बजेट खर्चको माध्यमबाट ४० देखि ५९ प्रतिशत भन्दा बढी योगदान | पहेंलो | सामान्य प्रगति |
| ४ | बजेट खर्चको माध्यमबाट ४० प्रतिशत भन्दा कम योगदान | रातो | धेरै सुधार गर्नु पर्ने |

## २.४ अध्ययनको ढाँचा



उल्लेखित ढाँचा अनुसार अध्ययनलाई अगाडि बढाउने क्रममा कार्य प्रगतिबारे सूचना प्राप्त गर्ने र प्राप्त सूचनाहरुलाई कसरी व्यवस्थित् रुपले प्रस्तुत् गर्ने भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ। द्धितीय स्रोतबाट प्राप्त सूचना र लक्षित समूह छलफलबाट प्राप्त गुणात्मक सूचनालाई तालिकीकरण गर्दै तथ्यांकीय विधिको माध्यमबाट विश्लेषण अनि छलफल र अन्तरक्रिया माध्यमबाट प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ। छलफल र अन्तरक्रिया ३ चरणमा तयार पारिएको छ ।पहिलो, प्रतिवेदन तयार पार्नु अघि, दोस्रो प्रतिवेदनको प्रथम ड्राफ्ट बुझाए पछि। अन्तिम प्रतिवेदनका बुझाए पछि पुनः एक चरण छलफल र अन्तरक्रिया ।

## २.५ प्रतिवेदनको प्रारुप

यस मध्यावधि समीक्षा प्रतिवेदनलाई तीन खण्डमा विभाजन गरी तयार पारिने छ। पहिलो खण्डमा समष्टिगत आर्थिक क्षेत्र र प्रदेश सरकारको प्रथम आवधिक योजनाले राखेका लक्ष्य तथा ती लक्ष्यहरुको आधारमा सरकारबाट गरिएका कामहरुको उपलब्धिको समष्टिगत आर्थिक मूल्यांकन, दोस्रो खण्डमा अध्ययनका आधार तथा सीमाहरु र अन्तिम खण्डमा विषयगत मन्त्रालय तथा निकायहरुको उपलब्धिलाई विश्लेषण गरिएको छ। समष्टिगत आर्थिक गतिविधिको मूल्यांकन अन्तर्गत प्रदेश सरकारले प्रथम आवधिक योजना (२०७६/७७ –२०८०/८१) शुरु भए देखि यता आ.व.२०७८/०७९ को प्रथम ६ महिना समेटी जम्मा ३० महिनामा सम्पन्न भएका कामहरुको परिणाम स्वरुप प्रदेशमा भएको आर्थिक चलायमानको आधारमा अर्थतन्त्रमा परेको प्रभाव मूल्यांकन गरिएको छ ।यसरी उपलब्धिको वस्तुगत सारांश, राष्ट्रिय अर्थतन्त्रको सापेक्षतामा प्रदेश सरकारका उपलब्धिको विश्लेषण, यी उपलब्धिहरुमा कोभिड –१९ को प्रभाव तथा उक्त माहामारीसंग जुध्न प्रदेश सरकारले चालेका कदमहरुका साथै प्रादेशिक गौरवका आयोजनाहरु समेटिएका छन्।

प्रथम पञ्च वर्षीय योजनामा किटानी साथ राखिएका लक्ष्य र सो योजनाको मध्यावधिमा प्राप्त उपलब्धिहरुको आधारमा मध्यावधि समीक्षा प्रतिवेदन तयार भएको छ। योजनामा उल्लेख गरिएका तर उपलब्धि हासिल हुन नसकेका क्षेत्रगत शीर्षकहरुमा तिनका सीमाहरुको समेत विवेचना र समीक्षा गर्दै आगामी योजनाहरुमा कसरी ती अवरोधहरुलाई कसरी हटाउन सकिन्छ भन्ने कुरा समेत प्रतिवेदनमा उल्लेख छ।

अन्तिम खण्डमा प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरुको उपलब्धिलाई संवैधानिक व्यवस्था, मानव विकास प्रतिवेदनका आधार स्तम्भहरु, प्रादेशिक सोंचका आधार स्तम्भहरु, दीगो विकासका लक्ष्यहरु तथा प्रदेशको समष्टिगत लक्ष्यका आधारमा विश्लेषण गर्दै प्रदेशको वस्तुस्थिति मुल्यांकन तथा चुनौतिहरु समावेश गरिएका छन्।

## २.६ अध्ययनको सीमा

सिमित समयको कारण मध्यावधि समीक्षालाई अझ शुक्ष्म रुपले अध्ययन र विश्लेषण गर्न सकिएन । अध्ययनको सिलसिलामा सूचना केन्द्रीय तत्व हो। प्रदेश सरकार स्थापना भएको धेरै वर्ष नभइ सकेको कारणले हुनसक्छ एकीकृत सूचना बैंकको अभाव भएको हुँदा पर्याप्त सूचना प्राप्त हुन सकेन। पर्याप्त सूचनाको अभावमा लुम्बिनी प्रदेशको समष्टिगत आर्थिक क्षेत्रका कतिपय सूचकहरु र तिनको वर्तमान अवस्था प्राप्त गर्न सकिएन जसको कारण अध्ययनको संख्यात्मक तथा गुणात्मक पाटा समेटेर विश्लेषण गर्ने एभरेष्ट विकास मापन सूचक **(EDMI)** को प्रयोग पूर्ण रुपमा गर्न सम्भव हुन सकेन ।

# मध्यावधि समीक्षा

### ३.१ मन्त्रालयगत तथा सम्बद्ध निकायहरुको खर्च विश्लेषण

तालिका ७मा दिइएको तथ्यहरु हेर्दा आ.व.आ.व.२०७६/०७७ मा प्रदेश सरकारले कूल ३६ अर्ब ४१ करोड ६८ लाख रुपैयाको आ.व.२०७७/०७८ मा कूल ३९ अर्ब १५ करोड ४१ लाख ६४ हजार रुपैयाको र आ.व.२०७८/०७९ मा कूल ४० अर्ब ९५करोड ९७ रुपैयाको बजेट सार्वजनिक गर्‍यो। आ.व.२०७६/०७७ मा चालु तर्फ कुल बजेटको ६०.५४ प्रतिशत र पुँजीगत खर्चमा ७९.२९ प्रतिशत खर्च भयो। आ.व.२०७७/०७८ मा चालु खर्च ८१.१६ प्रतिशत र पुँजीगत तर्फ ८३.३६ प्रतिशत खर्च भएको देखिन्छ। यसै गरी आ.व.२०७६/०७७ चालु तर्फ १८.८३ प्रतिशत र पुँजीगत खर्च १२.६८ प्रतिशत मात्र खर्च भएको देखिन्छ। अघिल्ला दुई आ.व.हरुमा भएको पुँजीगत खर्च निकै उत्साहजनक रहेको पाइन्छ भने चालु आ.व. मा जुन रफ्तारमा खर्च हुनु पर्ने हो त्यति नभएको कारण प्रदेश सरकारले संस्थागत संरचनालाई थप चुस्त बनाई पुँजीगत खर्चको प्रतिशत बढाउने तर्फ अग्रसर हुन जरुरी देखिन्छ।

**तालिका ७: मन्त्रालयगत तथा सम्बद्ध निकायहरुको खर्च ( रु हजारमा)**

| क्र. सं | मन्त्रालय/सम्वद्ध निकायहरु | आ.व.२०७६/७७ | | आ.व.२०७७/७८ | | आ.व.२०७८/७९ (पौष मसान्त सम्म) | | मध्यावधि औसत |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | % | रकम | % | रकम | % | % |
| १ | प्रदेश सभा सचिवालय | २१२६९१.८१८ | ६४.११ | १५७७१८.५७४ | ७८.१० | ६३६४४.७९० | २४.४८ | ६६.६८ |
| २ | मुख्यमंत्री तथा मंत्रिपरिषदको कार्यालय | १२२६५६.६६० | ५२.६० | २०६४४७.६०४ | ३८.०१ | ९९४८७.०३६ | १७.९५ | ४३.४३ |
| ३ | आन्तरिक मामिला तथा कानुन मंत्रालय | २६६५७६.६०० | ३२.९९ | ३३१६०८.४९९ | ४७.८० | १२१३२५.५०६ | १८.०४ | ३९.५३ |
| ४ | आर्थिक मामिला तथा योजना मंत्रालय | ६६३६१.५७३ | ४१.५८ | ७२४९८.२६५ | ७९.९६ | ३२०७२.९८२ | १०.२४ | ५२.७१ |
| ५ | भौतिक पुर्वाधार विकास मंत्रालय | १३१७६५९४.९५९ | ८३.१८ | १६४६३४१६.८९९ | ८८.३१ | १३९४३५५.९०३ | १५.३३ | ७४.७२ |
| ६ | शिक्षा तथा सामाजिक विकास मंत्रालय | ३३७५७०९.२५९ | ७६.८६ | ४४५६१९०.३०४ | ७१.४३ | ३६६७६३.०३४ | १३.३५ | ६४.६५ |
| ७ | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय | २००९६४४.०५० | ६९.५८ | २३८६७०५.८३७ | ८६.९२ | २०३३५९.७१७ | ४८.४० | ८१.९६ |
| ८ | भुमि व्यवश्था,कृषि तथा सहकारी मन्त्रालय | १६९३८७४.७३९ | ४१.५५ | २२३८७३१.४७८ | ६९.०९ | २५४६३२.६६९ | ७.४८ | ४७.२४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १५२९८.३९२ | ६७.९१ | ८६९९.१०० | ५६.७६ | ४३३१.१६४ | ३६.८९ | ६४.६२ |
| १० | प्रदेश योजना आयोग | क्र.सं. २ मा समावेश भएको | – | १७०२०.४९२ | ६०.२१ | ४३५४.३२६ | ११.२५ | ४७.६४ |
| ११ | प्रदेश लोक सेवा आयोग | ३२१०२.८९९ | – | १९६१२.४५० | ८३.३० | २९५८९.६०४ | ५४.२७ | ९१.७३ |
| १२ | उर्जा,जलस्रोत तथा सिचाई मन्त्रालय | | | | | २९३८३३.९१७ | ८.१० | १६.२ |
| १३ | कानुन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | | | | | २६४७.५०१ | ०.४३ | ०.८६ |
| १४ | वन, वातावरण तथा भुसंरक्षण मन्त्रालय | | | | | २८३३३८.७५९ | १५.१७ | ३०.३४ |
| १५ | ग्रामीण तथा सहरी विकास मन्त्रालय | | | | | ५७७३४७.२५७ | ९.६८ | १९.३६ |
| १६ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | | | | १२०२३६४.५१९ | २९.३४ | ५८.६८ |
| १७ | श्रम, रोजगार तथा यातायात व्यवश्था मन्त्रालय | | | | | ३४०७६.९९४ | १० | २०. |
| कूल बजेट | | ३६४१६८०००. | ७०.१० | ३९१५४१६४.०० | ८२.४१ | ४०९५९७००.०० | १५.४६ | ६७.१८ |

*स्रोतः कोष तथा लेखा नियन्त्रण कार्यालय, लुम्बिनी*

## ३.२ प्रदेश सरकारका मन्त्रालय तथा सम्बद्ध निकायहरुको प्रगति मूल्यांकन

लुम्बिनी प्रदेश सरकार र सम्बद्ध निकायहरुको वित्तीय प्रगति तथा दिगो विकास लक्ष्यको सापेक्षता भए गरेका खर्च तथा उपलब्धिहरुको आधारमा विश्लेषण गर्दा सब भन्दा उत्कृष्ट अंक प्राप्त गर्नेमा प्रदेश लोकसेवा आयोग रहेको छ जसले शत प्रतिशत अंक पाउन सफल भएको छ। उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्य न्यायधिवक्ताको कार्यालयले ९० अंक ल्याई दोस्रो स्थानमा उभ्याएका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, शिक्षा तथा सामाजिक विकास मन्त्रालय र प्रदेश योजना आयोगले ८० अंक ल्याई तृतीय स्थान हासिल गरेको छन्। स्वास्थ्य तथा जनसंख्या मंत्रालय पछि बनेको मन्त्रालय भएको कारण औषत अंक कम देखिन गएको छ। उल्लेखनीय पक्ष के छ भने प्रदेश सरकार मातहत मन्त्रालय तथा सम्बद्ध निकायहरुको दिगो विकास लक्ष्यमा देखिएको प्रगति उत्साहजनक छ। धेरै मन्त्रालय तथा निकायहरुले दिगो विकासको लक्ष्य हासिल गर्न खेलेको भूमिका उत्कृष्ट देखिन्छ।

**तालिका ८: प्रदेश सरकारका मन्त्रालय तथा सम्बद्ध निकायहरुको प्रगति मूल्यांकन**

| क्र. सं. | मन्त्रालय/सम्बद्ध निकायहरु | वित्तीय उपलब्धी | प्राप्तांक | दीगो विकास लक्ष्य | प्राप्तांक | कूल प्राप्तांक |
|---|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ४३.४३ | ५० | १६,१७ | ३० | ८० |
| २ | आर्थिक मामिला तथा योजनामन्त्रालय | ५२.७१ | ५० | ८ | ३० | ८० |
| ३ | उद्योग,वन तथा वातावरण मन्त्रालय | ८१.९६ | ७० | ९,१३,१४ | २० | ९० |
| ४ | भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय | ४७.२४ | ५० | २,१२ | २० | ७० |
| ५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३९.५३ | ४० | १६ | ३० | ७० |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७४.७२ | ६० | ६,७,९,११ | ३० | ९० |
| ७ | शिक्षा तथा सामाजिक विकास मन्त्रालय | ६४.६५ | ६० | १,३,४,५,१० | २० | ८० |
| ८ | प्रदेश योजना आयोग | ४७.६४ | ५० | ८,१६ | ३० | ८० |
| ९ | प्रदेश लोक सेवा आयोग | ९१.९३ | ७० | १६ | ३० | १०० |
| १० | प्रदेश सभा सचिवालय | ६६.६८ | ६० | १६ | ३० | ९० |
| ११ | मुख्य न्यायधिवक्ताको कार्यालय | ६४.६२ | ६० | १६ | ३० | ९० |
| १२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५८.६८ | ५० | ३,५ | १० | ६० |
| १३ | उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय | १६.२ | २५ | ६,७ | १० | ३५ |
| १४ | कानून महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ०.८६ | २५ | ५,१६ | २० | ४५ |
| १५ | गामीण तथा सहरी विकास मन्त्रालय | १९.३६ | २५ | ९,११ | १० | ३५ |
| १६ | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | २० | २५ | १,२,८ | २० | ४५ |
| १७ | वन वातावरण तथा भू संरक्षण मन्त्रालय | ३०.३४ | २५ | १३,१५ | २० | ४५ |

*स्रोतः कोष तथा लेखा नियन्त्रण कार्यालय, लुम्बिनी*

## ३.३ मन्त्रालय तथा सम्बद्ध निकायहरुको उपलब्धिको सांकेतिकरण

हरियो, निलो, पहेंलो र रातो गरी चार प्रकारका रंगको माध्यमबाट मन्त्रालय तथा निकायहरुको उपलब्धिलाई सांकेतिकरण गरिएको छ। प्रदेश सरकारले छुट्याएको बजेटलाई समयमै खर्च सफल भएको आधारमा वित्तीय उपलब्धी गणना गरिएको छ भने वित्तीय उपलब्धिको कारण दीगो विकास लक्ष्य हासिलमा प्राप्त सफलतालाई गणना गरी समग्र उपलब्धि निकालिएको छ। वित्तीय उपलब्धि र समग्र उपलब्धिलाई निश्चित मापदण्ड अनुसार संकेत गरी तलको उपलब्धि संकेत तालिकामा प्रस्तुत गरिएको छ। हरियो संकेत प्राप्त गर्ने मन्त्रालय तथा निकायहरुले अति उत्कृष्ट नतिजा निकालेको बुझाउँछ, निलो संकेतले उत्कृष्ट नतिजा बुझाउँछ,पहेंलो संकेतले मध्यम उपलब्धि प्राप्त गर्न सफल बताउँछ भने रातो संकेत प्राप्त गर्ने मन्त्रालय तथा निकायले अझ बढि मेहनत गर्नु पर्ने बताउँछ जुन निम्नानुसार छ –

**तालिका: ९ मन्त्रालय तथा अन्य निकायहरुको समग्र उपलब्धि संकेत**

| क.सं. | मन्त्रालय/सम्वद्ध निकायहरु | वित्तीय उपलब्धि (प्रतिशत) | समग्र उपलब्धि (प्रतिशत) |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ४३.४३ | ८० |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ५२.७१ | ८० |
| ३ | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय | ८१.९६ | ९० |
| ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४७.२४ | ७० |
| ५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४० | ७० |
| ६ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७४.७२ | ९० |
| ७ | शिक्षा तथा सामाजिक विकास मन्त्रालय | ६४.६५ | ८० |
| ८ | प्रदेश योजना आयोग | ४७.६४ | ८० |
| ९ | प्रदेश लोक सेवा आयोग | ९१.९३ | १०० |
| १० | प्रदेश सभा सचिवालय | ६६.६८ | ९० |
| ११ | मुख्य न्यायधिवक्ताको कार्यालय | ६४.६२ | ९० |
| १२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५८.६८ | ६० |
| १३ | उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय | १६.२ | ३५ |
| १४ | कानून महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ०.८६ | ४५ |
| १५ | गामीण तथा सहरी विकास मन्त्रालय | ९.६८ | ३५ |
| १६ | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | २० | ४५ |
| १७ | वन वातावरण तथा भू संरक्षण मन्त्रालय | ३०.३४ | ४५ |

द्रष्टब्यः रातो संकेत चिन्ह प्राप्त गरेका मन्त्रालयहरुको कारण विश्लेषण गर्दा उनीहरुको आफ्नो कमजोर क्रियाकलापले भन्दा पनि प्रदेश सरकारले विभिन्न समयमा राजनैतिक हिसावले मन्त्रालयहरु गाभ्ने र फुटाउने गरिरहेको कारण ती मन्त्रालयहरुको स्वतन्त्र योगदान पत्ता लगाउन नसकिएको कारण हो भन्ने देखिन्छ। ती सम्पूर्ण मन्त्रालयहरु प्रदेश सरकार स्थापना हुँदा अस्तित्वमा रहेका वा अन्य मन्त्रालयहरुमा गाभिएर रहेका हुनाले तिनको स्वतन्त्र योगदान निकाल्न छुट्टै विधिको प्रयोग गर्नु पर्ने हुन्छ। दीगो विकास लक्ष्यको उपलब्धिलाई अंकमा मापन गर्दा सम्बन्धित मन्त्रालयले आफ्नो कार्यक्षेत्र अर्न्तगत रहेर दीगो विकासका कति वटा लक्ष्यहरुमा सुधार गरेका छन् भन्ने कुरालाई आधार मानिएको छ। क्षेत्रगत रुपमा दीगो विकास लक्ष्य आकर्षित हुने बुँदाहरु निम्न छन्ः

लुम्बिनी प्रदेश सरकारले प्रथम आवधिक योजना निर्माण गर्दा निर्धारण गरेको रणनीतिहरुमा दीगो विकास लक्ष्यलाई समेटिएको छ जुन निम्नानुसार रहेको छ –

- कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने (दीगो विकास लक्ष्य १,२,८,९,१०,१२)।

- आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने (दीगो विकास लक्ष्य ६,७,९,११)।
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने (दीगो विकास लक्ष्य ३,४)।
- सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने (दीगो विकास लक्ष्य ५,१६)।
- प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने (दीगो विकास लक्ष्य १३,१५)।
- विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने ( दिगो विकास लक्ष्य (१६,१७)।

## ३.४ परिमाणात्मक लक्ष्यको मध्यावधि उपलब्धि संकेत

लुम्बिनी प्रदेश सरकारको प्रथम पञ्च वर्षीय योजनामा निर्धारण गरिएका विविध आर्थिक, सामाजिक,पूर्वाधार जस्ता क्षेत्रहरुको पञ्च वर्षीय लक्ष्य के के थिए र आ.व.२०७८/७९ को ६ महिना समाप्त हुँदा सम्म के कति उपलब्धिहरु हासिल भए भन्ने कुरा तलको तालिकामा संकेत सहित प्रस्तुत गरिएको छ। संकेत मापदण्ड माथि उल्लेख भएको संकेत तालिका अनुसारको रहेको छ। आधार वर्षमा कूल ग्राहस्थ्य उत्पादनको वृद्धि दरको ७.४ रहेको र लक्ष्य ९.५ प्रतिशत कायम गरिएको थियो तर योजना प्रारम्भ भएको ३० महिना पछि आ.व.२०७८/७९ को पौष मसान्त सम्मको उपलब्धि ३.९ प्रतिशत कायम हुन पुगेको छ। यसको प्रमुख कारण विश्व भरि फैलिएको कोभिड–१९ भएको कुरा स्पष्ट छ। यस कारण यो शीर्षकमा रातो संकेत देखियो। सरकारले कोभिड नियन्त्रण उपायहरु इमान्दारिताका साथ अवलम्बन गरेको कारण आगामी वर्षहरुमा अवश्य पनि रातो संकेत रहने छैन। उपभोक्ता मूल्य वृद्धिदरको लक्ष्य प्राप्त भैसकेको कारण निलो संकेत लगाइएको छ। निरपेक्ष गरिवीको रेखामुनी रहेको जनसंख्याको लक्ष्य केही मात्र बाँकी रहेको कारण निलो संकेत गरिएको छ। बहुआयामिक गरिवीको लक्ष्यसमेत आगामी ३० महिना सम्म पूरा हुने देखिन्छ त्यसकारण निलो संकेत गरिएको छ। प्रति व्याक्ति आय अमेरिकी डलरमा केहि सुधार देखिएता पनि यो मध्य स्तरको उपलब्धि भएको कारण पहेंलो संकेत गरिएको छ। बेरोजगारी दर भने कोभिड माहामारीको कारण ह्वात्तै बढेको छ। स्वदेश तथा विदेश दुवै ठाउँमा कार्यरत नेपाली नागरिकहरुले भएको रोजगारी समेत गुमाउनु परेको कारण हालको वेरोजगारी दर उर्लिएर रातो संकेत तर्फ लागेको छ। सामाजिक क्षेत्रमा समग्र देशको स्थिति सकारात्मक रहेको छ। लुम्बिनी प्रदेशको सरदर आयुको लक्ष्य ७२ रहेको मा मध्यम उपलब्धि सहित पहेंलो संकेत प्राप्त भएको छ। साक्षरता दरमा राम्रो सुधार छ भने बाल मृत्यु दरमा सुधार ल्याउन अलि मेहनत गर्नु पर्ने देखिन्छ। माध्यमिक तहको खुद भर्ना दरमा उल्लेख्य सुधार भई निलो संकेत देखाइएको छ। पूर्वाधार तर्फ खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत),विद्युत सेवा पुगेको जनसंख्या (प्रतिशत) र सिंचित क्षेत्र (प्रतिशत)मा उल्लेख्य उपलब्धि प्राप्त भएको हुँदा निलो संकेत दिइएको छ। सडकको लम्बाई र पक्की सडकको लक्ष्यमा मध्यम सुधार देखिएको छ भने इन्टरनेट पहुँच भएको घर परिवारमा उल्लेख्य प्रगति देखिएको कारण निलो संकेत चिन्ह प्रदान गरिएको छ।

**तालिका १०: उपलब्धि संकेत**

| सूचक | आ.व.२०७५/७६ को यथार्थ | आ.व.२०८०/८१ को लक्ष्य | आ.व.२०७८/७९ पौष मसान्त सम्मको उपलब्धि | उपलब्धि संकेत |
|---|---|---|---|---|
| प्रादेशिक आर्थिक वृद्धि र मूल्य वृद्धि | | | | |
| कूल ग्राहस्थ उत्पादनको वृद्धिदर | ७.४ | ९.५ (५ वर्षको औषत) | ३.९ | |
| उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत) | ६.५ | ६.० ( ५ वर्षको औषत) | ५.१६ | |
| आय, गरिवी तथा रोजगारी | | | | |
| निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या (प्रतिशत) | १८.२ | १०.० | १३.६ | |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९ | १५ | २० | |
| प्रति व्याक्ति आय ( अमेरिकी डलर) | ८०३ | १६०० | ११४४ | |
| बेरोजगारीको दर (प्रतिशत) | ११.२ | ६ | १९.६ | |
| सामाजिक सूचक | | | | |
| जन्मदाको अपेक्षित आयु (वर्ष) | ६९.३ | ७२.० | ७० | |
| साक्षरता दर १५ वर्ष माथि (प्रतिशत) | ५८ | ८५ | ७० | |
| बाल मृत्युदर (प्रति हजार) | ४५ | २५ | ३८ | |
| माध्यमिक तह (९–१२)मा कूल भर्ना दर (प्रतिशत) | ४३.५ | ६४ | ४९.२ | |
| पूर्वाधार | | | | |
| खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ८९.८३ | १०० | ९७ | |
| विद्युत सेवा पुगेको जनसंख्या (प्रतिशत) | ८१.०३ | १०० | ९४.२ | |
| सिंचित क्षेत्र (प्रतिशत) | ५१ | ७० | ५८.२ | |
| सडकको लम्बाई (कि.मि.) | ११२३३ | १२५०० | ११८०० | |
| पक्की सडकको अंश (प्रतिशत) | १७ (१९३८ कि.मि.) | २८ (३५०० कि.मि.) | २१ | |
| इन्टरनेटको पहूँच भएका घरपरिवार (प्रतिशत) | ४९.४ | ८५ | ७५ | |

*स्रोतःआर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश*

## ३.५ लक्ष्य तथा उपलब्धिको चित्रात्मक प्रस्तुतिकरण

### क. कूल ग्राहस्थ्य उत्पादनको वृद्धिदर



आ.व.२०७५/७६को (७.४ प्रतिशत)

आ.व.२०७८/७९ को उपलब्धि (३.९ प्रतिशत)

आ.व.२०८०/८१ सम्मको लक्ष्य(९.५ प्रतिशत)

### ख. निरपेक्ष गरिवीको रेखामुनी रहेको जनसंख्या



आ.व.२०७५/७६को स्थिति (१८.२ प्रतिशत)

आ.व.२०७८/७९ को उपलब्धि (१३.६ प्रतिशत)

आ.व.२०८०/८१ को लक्ष्य (१०.० प्रतिशत

### ग.बहुआयामिक गरिवीको दर





आ.व.२०७५/७६ (२९.९ प्रतिशत)

आ.व.२०७८/७९ उपलब्धि (२०.० प्रतिशत)

आ.व.२०८०/८१ लक्ष्य(१५.० प्रतिशत)

घ.प्रति व्यक्ति आय(अमेरिकी डलरमा)






आ.व.२०७५/७६ को (८०३)

आ.व.२०७८/७९ को उपलब्धि (१०६८)

आ.व.२०८०/८१ सम्मको लक्ष्य(१६००)

ङ. बेरोजगारी दर






आ.व.२०७५/७६को (११.२ प्रतिशत)

आ.व.२०७८/७९ को उपलब्धि (१९.६ प्रतिशत)

आ.व.२०८०/८१ सम्मको लक्ष्य (६ प्रतिशत)

च.जन्मदाको अपेक्षित आयु






आ.व.२०७५/७६को (६९.३ वर्ष)

आ.व.२०७८/७९ को उपलब्धि (७० वर्ष )

आ.व.२०८०/८१ को लक्ष्य (७२ वर्ष )

छ.साक्षरता दर (१५ वर्ष माथि)





आ.व.२०७५/७६को (५८ प्रतिशत)

आ.व.२०७८/७९ को उपलब्धि (७० प्रतिशत)

आ.व.२०८०/८१ सम्मको लक्ष्य(८५ प्रतिशत)


ज.बाल मृत्युदर (प्रति हजारमा)



आ.व.२०७५/७६को (४५ प्रतिशत)



आ.व.२०७८/७९ को उपलब्धि (३८ प्रतिशत)



आ.व.२०८०/८१ सम्मको लक्ष्य(२५प्रतिशत)


झ. माध्यमिक तह(९-१२)मा कूल भर्ना दर



आ.व.२०७५/७६को (४३.५ प्रतिशत)




आ.व.२०७८/७९ को उपलब्धि (४९.२ प्रतिशत)



आ.व.२०८०/८१ सम्मको लक्ष्य (६४ प्रतिशत)


ञ.खानेपानी सुविधा पुगेको घर परिवार संख्या (प्रतिशत)



आ.व.२०७५/७६को (८९.८३ प्रतिशत)



आ.व.२०७८/७९ को उपलब्धि(९७ प्रतिशत)



आ.व.२०८०/८१ सम्मको लक्ष्य (१००प्रतिशत)


ट. सिंचित क्षेत्रफल(प्रतिशत)



आ.व.२०७५/७६को (५१ प्रतिशत)



आ.व.२०७८/७९ को उपलब्धि (५८.२प्रतिशत)




आ.व.२०८०/८१ सम्मको लक्ष्य(७०प्रतिशत)

ठ. सडक लम्बाई (कि.मि.)







आ.व.२०७५/७६को (११२३३)


आ.व.२०७८/७९ को उपलब्धि (११८००)

आ.व.२०८०/८१ सम्मको लक्ष्य(१२५००)

ड. पक्कि सडकको अंश(प्रतिशत)







आ.व.२०७५/७६को (१७ प्रतिशत)


आ.व.२०७८/७९ को उपलब्धि (२१प्रतिशत)

आ.व.२०८०/८१ सम्मको लक्ष्य (२८ प्रतिशत)

ढ. इन्टरनेट सेवा पुगेको घर परिवार(प्रतिशत)







आ.व.२०७५/७६को (४९.४ प्रतिशत)


आ.व.२०७८/७९ को उपलब्धि (७५ प्रतिशत)

आ.व.२०८०/८१ सम्मको लक्ष्य (८५ प्रतिशत)

ण. विद्युत सेवा पुगेको जनसंख्या(प्रतिशत)







आ.व.२०७५/७६को (८१.०३ प्रतिशत)

आ.व.२०७८/७९ को उपलब्धि (९४.९१ प्रतिशत)

आ.व.२०८०/८१ सम्मको लक्ष्य(१०० प्रतिशत)

## ३.६ लुम्बिनी प्रदेशको बजेट तथा खर्चको स्थिति

आ.व.२०७६/७७ देखि आ.व.२०७८/७९ सम्म प्रदेश सरकारले गरेको व्यवस्था र खर्चको स्थिति हेर्दा आ.व.२०७६/७७ मा चालु खर्च ६०.५४ प्रतिशत र पूँजीगत खर्च ७९.२९ गरी औषत खर्च ७०.१ प्रतिशत, आ.व.२०७७/७८मा चालु खर्च ८१.१६ प्रतिशत र पूँजीगत ८३.३६ प्रतिशत गरी औषत खर्च ८२.४१ प्रतिशत र आ.व.२०७८/७९मा चालु खर्च १८.८३ प्रतिशत र पूँजीगत खर्च १२.६८ प्रतिशत गरी औषत खर्च १५.४६ प्रतिशत देखिन्छ।

विगत दुई वर्षहरुमा लुम्बिनी प्रदेशको खर्च प्रतिशत विशेषतः पूँजीगत खर्च प्रतिशत निकै उत्साह जनक देखिएको छ। खास गरी संघीय सरकारको पूँजीगत खर्च ४० प्रतिशत हाराहारी रहिआएको सन्दर्भमा चालु तथा पूँजीगत खर्च संरचना निकै आशा लाग्दो र उदाहरणीय पनि छ। चालु आ.व.को पौष मसान्त सम्मको समग्र खर्चको प्रतिशत अलि निराशाजनक देखिएता पनि आर्थिक वर्षको अन्तमा नै परियोजनाहरुको भुक्तानी फरफारक हुने हुनाले निराश भइहाल्ने स्थिति भने छैन। मन्त्रालयहरुलाई छुट्याइएको बजेट निरपेक्ष रुपले थोरै धेरै भन्नु भन्दा पनि विनियोजित रकम खर्च गर्नु ठूलो कुरा हो। सरकारले विभिन्न स्रोतहरुबाट रकम जुटाइ रहेको हुन्छ तर त्यसलाई समयमा प्रभावकारी तरिकाले खर्च गर्न सकिएन भने त्यसले समग्र अर्थतन्त्रमा र दीगो विकासका लक्ष्यहरु प्राप्त गर्नमा सहयोगी बन्न सक्दैन। सरकारी निकायहरुमा रहेको न्यून दरबन्दी र दरबन्दी अनुसार जनशक्ति आपूर्ति हुन नसक्नु प्रमुख समस्या देखिएको छ। उपलब्ध जनशक्तिलाई प्रेरित गर्दै विनियोजित बजेटलाई अधिकाधिक रुपमा खर्च गर्न सकेको खण्डमा बाञ्छित नतिजा निकाल्न अप्ठेरो छैन भन्नेकुरा  तालिका १२बाट स्पष्ट हुन्छ। एउटा कुरा के उठाउनु उचित देखिन्छ भने परियोजनाहरुको अन्तिम फरफारकको समय परियोजनाको सम्झौतामा नै उल्लेख गरेर पौष मसान्त भित्र र असार मसान्त भित्र गरी दुई चरणमा गर्न सकिएमा पनि पूँजीगत खर्चको प्रतिशत समयमै बढाउन सकिन्छ जसले काममा गुणस्तरीयता र जनतामा विश्वासको वातावरण सिर्जना हुन्छ।

**तालिका ११: विनियोजित बजेट तथा खर्चको स्थिति**

| विवरण | आ.व.२०७६/७७ बजेट (रु अर्ब) खर्च (%) | | आ.व.२०७७/७८ बजेट (रुअर्ब) खर्च (%) | | आ.व.२०७८/७९ बजेट (रुअर्ब) खर्च (%) | |
|---|---|---|---|---|---|---|
| चालु खर्च | १७.८४० | ६०.५४ | १६.९४५ | ८१.१६ | १८.४८८ | १८.८३ |
| पूँजीगत खर्च | १८.५७६ | ७९.२९ | २२.२०८ | ८३..३६ | २२.४७१ | १२.६८ |
| कूल बजेट | ३६.४१६ | ७०.१० | ३९.१५४ | ८२.४१ | ४०.९५९ | १५.४६ |

*स्रोतः प्रदेश लेखा नियन्त्रण कार्यालय, लुम्बिनी*

## ३.७ लुम्बिनी प्रदेशको समष्टिगत आर्थिक नतिजा खाका

लुम्बिनी प्रदेश सरकारले प्रथम पञ्च वर्षीय योजना अगाडी सार्दा प्रदेशको समग्र स्थितिमा परिवर्तन ल्याई प्रदेशवासीलाई एउटा समुन्नत, शान्त र समृद्ध प्रदेशको अनुभूति दिलाउने संकल्प गरेको थियो। तदनुरुप लक्ष्य, नीति र कार्यनीति निर्धारण गरी विभिन्न आर्थिक वर्षहरुमा बजेट विनियोजन भई कार्यक्रम संचालनमा आए। तालिका १२ मा प्रदेश सरकारले निर्धारण गरेका क्षेत्रगत सूचकहरुको आधार वर्षको स्थिति र त्यस पछिको ३० महिना अर्थात आ.व. २०७८/७९ को पौष मसान्त सम्मको उपलब्धिलाई देखाइएको छ।

**क) आर्थिक क्षेत्र**

**तालिका १२ क:प्रभाव सूचक तालिका**

| प्रमुख सूचकहरु | आधार वर्ष आ.व.२०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व(२०७८/७९) पौष मसान्त सम्म |
|---|---|---|---|---|
| कूल ग्राहस्थ्य उत्पादनको वृद्धिदर | ७.३७ | २.५ | ३.१ | ५.३६ |
| कृषि क्षेत्रको वृद्धिदर | ५.४ | ३.५ | ४.१ | २.३ |
| गैर कृषि क्षेत्रको वृद्धिदर | | | | |
| क) उद्योग | ९.९६ | ८.८ | ९.६ | ८.१ |
| ख)सेवा | ६.९ | ६.१ | ६.५ | ६.६ |
| | | ३.६ | ६.५ | ५.४ |
| प्रति व्यक्ति आय(अमेरिकी डलरमा) | ८०३ | ११९८ | १११४ | १११४ |

*स्रोतः विभिन्न आर्थिक वर्षका बजेट बक्तव्यहरु ,लुम्बिनी प्रदेश*

**तालिका १२ खः प्रतिफल सूचक तालिका** (रु.करोडमा)

| सूचक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व.२०७८/७९ को अनुमान |
|---|---|---|---|
| १. सार्वजनिक खर्च | २५,४०,७०,७२ | २९,२९,५९,३५ | ४०,९५,९७,०० |
| १.१ चालु खर्च | १०,६८,५७,५९ | १४,५६,१४,३१ | १९,७७,९७,३९ |
| १.२ पूँजीचत खर्च | १४,७२,१३,१३ | १४,७३,४५,०४ | २१,१७,९९,६१ |
| २. राजश्व तथा अनुदान | ३३,७८,७८,१६ | ३६,३४,५९,३५ | ४०,३५,९७,०० |
| २.१.१ कर | ८,६०,२६,०३ | ११,०१,७३,५० | १३,००,२१,०० |
| २.१.२ अन्य राजश्व | ८१,१९,८१,७८ | १,६०,९८,४१ | ३,६७,९३,५० |
| २.१.३ विविध प्राप्ति | ७,९१,८५।५७ | ९,५७,४७,४४ | ८,६६,५७,५० |
| २.१ राजश्व | १७,७१,९३,३८ | २२,२०,१९३५ | २५,३४,७२,०० |
| २.२ अनुदान | १६,०६,८४,७८ | १४,१४,४०,०० | १५,६१,२५,०० |
| २.२.१ संघ | | | १५,०९,०२,०० |

| सूचक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व.२०७८/७९ को अनुमान |
|---|---|---|---|
| २.२.२ वैदेशिक | | | ५२,२३,०० |
| ३. बजेट वचत(-) न्यून (+) | -८,३८,०७,४४ | -७,०५,००,०० | ० |
| ४.कूल लगानी(रु.करोडमा) | १२७१९३ | १४१३२५ | १४८७६३ |

*स्रोत: आर्थिक सर्भेक्षण ०७८/७९, नेपाल सरकार अर्थ मन्त्रालय*

**ख) आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको प्रतिफल सूचक**

**तालिका १३ क: प्रभाव सूचक तालिका**

| प्रमुख सूचकहरु | आधार वर्ष २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ पौष मसान्त सम्म |
|---|---|---|---|---|
| निरपेक्ष गरिवीको रेखामुनिको जनसंख्या (प्रतिशत) | १८.२ | १८.२ | १३.६ | १३.६ |
| बहुआयामिक गरिवीको दर (प्रतिशत) | २९.९ | २९.९ | २४ | २० |
| वेरोजगारीको दर | ११.२ | १५ | १९.६ | १६ |
| आय असमानता सूचककांक | ०.३१ | ०.३१ | ०.३१ | ०.३१ |
| कृषि क्षेत्रको कूल ग्राहस्थ्य उत्पादनमा योगदान(प्रतिशत) | ३०.९ | २९.४ | २८.८ | २३.९ |
| मानव विकास सूचकांक | ०.५१ | ०.५१ | ०.५६३ | ०.५६३ |
| जन्मदाको अपेक्षित आयु(वर्ष) | ६९.३ | ६९.३ | ६९.३ | ७० |
| कूल ग्राहस्थ्य उत्पादनमा विद्युत, ग्यास तथा वातानुकुलित आपूर्ति क्षेत्रको योगदान(प्रतिशत) | - | १०.१ | ९.९ | १०.० |
| खाद्य पोषण सुधार(प्रतिशत) | - | २१ | ४० | ४० |
| विद्युत उत्पादन क्षमता(मे.वा.) | २२.१ | २२.१ | ३१ | ३१ |
| विद्युत पहुँच भएको घर धुरी (प्रतिशत) | ८१.०३ | ८९.०७ | ९१ | ९४.९१ |

*स्रोत: विभिन्न आर्थिक वर्षका बजेट वक्तव्यहरु,लुम्बिनी प्रदेश*

**तालिका १३ ख: प्रतिफल सूचक तालिका**

| सूचकहरु | | आ.व २०७६/७७ | आ.व. २०७८/७९ पौष मसान्त सम्म |
|---|---|---|---|
| शिक्षा | | | |
| प्रारम्भिक वालशिक्षा तथा पूर्वप्राथमिक शिक्षामा कुल भर्ना दर | प्रतिशत | ८६ | ९८ |
| नमूना बाल विकास केन्द्र | संख्या | २४ | ३८ |

| सूचकहरु | | आ.व २०७६/७७ | आ.व. २०७८/७९ पौष मसान्त सम्म |
|---|---|---|---|
| आधारभूत शिक्षा (कक्षा १–८) को खुद भर्नादर | प्रतिशत | ९० | ९८ |
| आधारभूत शिक्षा (कक्षा १–८) को पुरा गर्ने दर | प्रतिशत | ७९.१ | ९४ |
| माध्यमिक शिक्षा (कक्षा ९–१२) कुल भर्ना दर | प्रतिशत | ४३.५ | ४९.२ |

| सूचकहरु | इकाइ | आ.व. २०७६/७७ | आ.व २०७७/७८ पौष मसान्त सम्म |
|---|---|---|---|
| नमूना बालविकास केन्द्र | सङ्ख्या | २४ | ३८ |
| कक्षा ११–१२ मा विज्ञान पढाइ हुने सामुदायिक विद्यालय | सङ्ख्या | ३४ | ५० |
| इन्टरनेट पहूँच भएका विद्यालयहरू | सङ्ख्या | २००० | २९०० |
| छात्रवृत्ति प्राप्त विद्यार्थीहरू | | | |
| छात्रा | सङ्ख्या | १५३५ | २००० |
| छात्र | सङ्ख्या | ४२५ | १५०० |
| दलित | सङ्ख्या | १०९६ | २००० |
| नमूना विद्यालयहरू | सङ्ख्या | १२ | १२ |
| प्राविधिक विषयमा कक्षा ९–१२ मा भर्ना हुने विधार्थी | सङ्ख्या | १०४०० | १४००० |
| भौतिक सुधार गरिएका सामुदायिक क्याम्पस | सङ्ख्या | ४५ | ६२ |
| प्राविधिक उच्च शिक्षा पढ्ने विद्यार्थी | सङ्ख्या | १००० | २१०० |

| स्वास्थ्य | | | |
|---|---|---|---|
| बालमृत्यु दर (५ वर्ष मुनिका प्रति हजार जीवित जन्ममा ) | | ४० | ३५ |
| मातृ मृत्यु दर ( प्रति लाखमा ) | सङ्ख्या | २१० | १७२ |
| ४ पटक पुर्व प्रसुति सेवा लिएका महिला | प्रतिशत | ८२ | ८५ |
| प्रसुति पश्चात् ३ पटक सेवा लिएका महिला | प्रतिशत | २४ | २५ |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने महिला | प्रतिशत | ७८ | ८१ |
| डी.पी.टी. एच.ई.पी.बी. एच.आई.भी सुई लिएका शिशुहरुको प्रतिशत | प्रतिशत | ८७ | ९५ |
| ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच हुने परिवार | प्रतिशत | ५७ | ८० |

| सूचकहरु | इकाई | परिमाणात्मक प्रगति | |
|---|---|---|---|
| | | आ.व २०७६/२०७७ | आ.व ०७७/२०७८ पौष मसान्त सम्म |
| नयाँ एच.आई.भी संक्रमित व्यक्ति | सङ्ख्या | ४८५ | ६०० |
| डेगु लागेका मानिस | सङ्ख्या | ३२४ | १०० |
| क्षयरोग प्रकोप दर प्रति लाख जनसङ्ख्या | सङ्ख्या | १२१ | १२० |
| कुष्ठरोग प्रकोप प्रतिहजार जनसङ्ख्यामा | सङ्ख्या | २ | १ |
| बर्थिङ सेन्टर | सङ्ख्या | ३८९ | ४०८ |
| पाठेघर खस्ने रोगको उपचार | सङ्ख्या | ७५० | ७५० |
| किशोरी मैत्री सरकारी स्वास्थ्य संस्था | सङ्ख्या | २५ | ३५ |
| परिवार नियोजनका साधनहरुको उपलब्धताबाट सन्तुष्ट १५ देखी ४९ उमेर समुहका महिला | प्रतिशत | ५१.३ | ५५ |

ग्रामिण पूर्वाधार

| सूचकहरु | इकाई | परिमाणात्मक प्रगति | |
|---|---|---|---|
| | | आ.व २०७६/२०७७ | आ.व ०७७/२०७८ पौष मसान्त सम्म |
| कृषि विशेष सडक | संख्या | ११ | ३० |
| पर्यटन विशेष सडक | संख्या | १८ | ६५ |
| उद्योग विशेष सडक | संख्या | ५ | १५ |
| सीमा क्षेत्र सडक | कि.मी | २९.६ | ७५ |
| स्थानीय तह पहँचमार्ग | संख्या | ४२ | ६० |
| नयाँ ट्र्याक निर्माण | कि.मी | २१५३ | २१६० |
| सडक ग्राभेल | कि.मी | ४५.३ | १०९ |
| झोलुङ्गे पुल | संख्या | ४ | ९ |
| सिचाई पूर्वाधार | | | |
| कुलो | हेक्टर | ७७७३९ | ८०२७६ |
| नहर | हेक्टर | १०२२५६ | १०२८०० |
| पोखरी | हेक्टर | १०५१ | ११५१ |
| बोरिङ | हेक्टर | ६२९३ | ६८३९ |
| कुल खेती योग्य क्षेत्रफल | हेक्टर | ७६१४७६ | ७६१४७६ |
| कुल खेती गरिएको क्षेत्रफल | हेक्टर | ५४७१३० | ५४८११४ |

| सूचकहरु | इकाई | आ.व २०७६/२०७७ | आ.व.२०७८/७९ पौष मसा(न्त सम्म |
|---|---|---|---|
| पार्क | सङ्ख्या | १५ | ५० |
| सडक संजालको मर्मत | संख्या | | १०६ |
| नयाँ आवास (जनता आवास) | सङ्ख्या | ३११० | ४३५० |
| सरकारी भवन तथा आवास सभा हल निमार्ण | सङ्ख्या | ३ | २४ |
| प्रदेश गौरवका आयोजनाहरु | सङ्ख्या | | २१ |
| ढल निर्माण | कि.मी | २३.८१ | ३९ |
| ग्राबेल सडक निर्माण | कि.मी | २० | १०९ |
| पिच सडक | कि.मी | ४.६ | ६६ |
| फुटपाथ | संख्या | १३ | ३३ |

कृषि तथा पशुपंछी

| सूचकहरु | इकाई | आ.व २०७६/२०७७ | आ.व.२०७८/७९ पौष मसान्त सम्म |
|---|---|---|---|
| कृषिका लागि उद्यमशीलता विकास | विद्यार्थी | २ | ६० |
| अभियानमूखी (मिसन) कार्यक्रम (कृषि/पशुपन्छी) | योजना सङ्ख्या | ११ | ८० |
| फलफूल विरुवा रोपण अभियान | विरुवा सङ्ख्या हजारमा | ६५००० | १२०००० |
| हरित स्वयंसेवक विकास तथा परिचालन | सङ्ख्या | १८७ | ९८३ |
| प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | रु. लाखमा | ७६८ | ३००० |
| सघनबाली विकास | क्षेत्रफल हे | ४५ | ३५० |
| बजार पूर्वाधार विकास | सङ्ख्या | ६० | ७८ |
| सहकारी/समूह तथा उद्यमीबाट सञ्चालित पशुपन्छी फार्म | सङ्ख्या | ३५ | ५१ |

| सूचकहरु | इकाई | परिमाणात्मक प्रगति आ.व २०७६/२०७७ | आ.व.२०७८/७९ पौष मसान्त सम्म |
|---|---|---|---|
| रैथाने पशुपन्छी पालन व्यवसाय फार्म | सङ्ख्या | ७ | १८ |
| एकिकृत -पशुपन्छी – कृषि प्राङ्गारिक उत्पादन) नमुना फार्म | सङ्ख्या | १० | २० |
| पशु आहाराको लागि घाँसबालीहरुको बीउ उत्पादन | हेक्टर | ८ | १०० |
| मासु तथा डेरी पसल स्थापना तथा सुधार | सङ्ख्या | २०३ | ३५० |
| चिलिंग सुविधा सहितको मिटमार्ट स्थापना | सङ्ख्या | ३ | १० |
| दुग्ध प्रशोधन तथा विविधीकरण उद्योगका लागि सहयोग | सङ्ख्या | २ | १२ |
| छुर्पी तथा चीज उद्योग स्थापना | सङ्ख्या | १ | ५ |

| सूचकहरु | इकाई | परिमाणात्मक प्रगति आ.व २०७६/२०७७ | आ.व.२०७८/७९ पौष मसान्त सम्म |
|---|---|---|---|
| स्थानीय तहको सहकार्यमा एकिकृत फार्म स्थापना | सङ्ख्या | ३ | १२ |
| पशुपन्छी मार्फत पर्यटन प्रबर्द्धन | सङ्ख्या | ४ | १५ |
| स्मार्ट कृषि गाउँ | सङ्ख्या | ७५ | १०९ |
| शीत भण्डार | सङ्ख्या | १४ | ६५ |
| कृषि कर्मी रोजगारी | सङ्ख्या | ५०० | १२०० |

| सूचकहरु | एकाई | आ.व. २०७६/७७ | आ.व. २०७८/७९ पौष मसान्त सम्म |
|---|---|---|---|
| पोखरीमा मत्स्यपालन जलाशय क्षेत्र विस्तार | हेक्टर | २८४३ | ४८५१ |
| मत्स्य दाना उद्योग स्थापना | संख्या | २ | ३ |
| मत्स्य वीज नर्सरी क्षेत्रफल | हेक्टर | १८२ | २१८ |
| जिउँदो माछा स्टल निर्माण | संख्या | ३ | २० |
| ह्याचरीबाट भूरा उत्पादन | लाखमा | २९१० | ३१०५ |

सहकारी

| | | | |
|---|---|---|---|
| नविनतम सोंचमा आधारित उत्पादन तथा रोजगारी प्रवर्धन आयोजना | संख्या | ३५ | ५५ |
| सहकारी बजार स्थापना | संख्या | ६ | १२ |
| सहकारी नमूना गाउँ | संख्या | ० | ३ |

*स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी*

## ३.८ बाँकि अवधिको क्षेत्रगत कार्य योजनाबारे सुझाव

**क. आर्थिक क्षेत्र**

- कृषिलाई व्यावसायिकरण गर्दै कृषि उद्योग, व्यापार,भौतिक पूर्वाधार, पर्यटन, सामाजिक विकास जस्ता क्षेत्रहरुलाई थप प्राथमिकीकरण गर्दै आर्थिक वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनिकरणमा प्रभावकारी रुपमा काम गर्ने,
- कृषिको न्यूनतम समर्थन मुल्य किटानी गरी प्रदेश भकारी संचालनकोषको माध्यमबाट प्रतिस्पर्धी मुल्यमा कृषि उपज कार्यक्रम संचालन गर्ने,
- वन क्षेत्र भित्र रहेको खाली जमिनलाई वातावरणीय संतुलन नबिग्रने गरी बहुबालिका निम्ति १० वर्षे लिजिङ्ग कार्यक्रम संचालन गर्ने,
- कृषि उत्पादनको निम्ति आवश्यक बजारीकरणको व्यवश्थापन गर्ने,
- तुलनात्मक लाभ भएका बाली तथा पशुपन्छीजन्य उत्पादनको विकास एवम् विस्तार गरी कृषि तथा पशुपन्छी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने आयोजना छनौट गर्दै कार्यान्वयन पक्षलाई बढि जोड दिने,
- स्थानीय जनताको जीवनस्तरमा परिवर्तन स्थानीय ल्याउन स्रोत, सीप र साधनमा आधारित उद्योग प्रवर्द्धन गरी रोजगारीका अवसर सिर्जना हुने योजनालाई केन्द्र विन्दुमा राखी काम गर्ने,
- प्रदेशको आर्थिक गतिलाई बढाउन आपूर्ति प्रणालीलाई सर्वशुलभ बनाई व्यवसायिक गतिबिधि वृद्धि गर्ने क्रियाकलापमा जोड दिने,
- वन क्षेत्रको विकास एवम् दीगो वन व्यवश्थापन गर्दै वातावरण, जैविक विविधता र जलाधारको संरक्षण गर्ने कार्यक्रम संचालन गर्ने ।
- बैकिंङ क्षेत्रबाट प्रवाहित हुने कर्जालाई कृषि, पर्यटन तथा उत्पादनमुलक उद्योग तर्फ लक्षित गर्ने,
- बजारका प्रत्येक गतिविधिहरुलाई नियमन गर्दै पारदर्शीता र गुणस्तर कायम गरी जनताको सहज र सर्वशुलभ पहुँच भित्र राख्ने संयन्त्र सुनिश्चित गर्ने।

**ख. सामाजिक क्षेत्र**

- सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरी स्वास्थ्य तथा पोषण सेवामा पहुँच पुग्ने गरी कार्यक्रम तथा क्रियाकलाप सञ्चालनमा ल्याउने,
- सबै उमेर समूहका बालबालिकाहरुका लागि गुणस्तरीय, जीवनोपयोगी र सीपमूलक शिक्षामा पहुँच पुर्‍याई पूर्ण साक्षर प्रदेश निर्माण गर्ने योजनाहरु सञ्चालन गर्ने,
- लैङ्गिक हिंसा विरुद्धको सचेतना अभियान संचालनलाई थप प्रभावकारी बनाउँदै लैङ्गिक हिंसा न्यूनीकरण हुने कुरालाई सुनिश्चित गर्नको निम्ति कानूनी उपचारको सहजता तर्फ सचेत हुने,

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण हुने कार्यक्रम संचालन गर्ने ।

**ग. पूर्वाधार क्षेत्र**

- प्रदेशका सम्पूर्ण वस्तीहरुमा मोटरबाटो पुर्‍याउने गरी कार्य योजना निर्माण गर्दै कम्तिमा ३० मिनेटको पैदल यात्रा पछि मोटर चढ्न पाउने अवश्था सुनिश्चित गर्ने,
- विद्यमान सिंचाई आयोजनाहरुको पूर्ण उपयोग गर्दै थप सिंचाईका निम्ति ठोस कदम चाल्ने,
- जग्गाको दीगो उपयोग तथा व्यवशथापन गर्दै जमिन बाँझो हुन नदिने उपायहरुको भरपर्दो निकास निकाल्ने,
- जल उत्पन्न प्रकोपबाट धन जनको क्षति न्यूनीकरण गर्ने तथा विद्युत् उत्पादन, प्रसारण र वितरणमा वृद्धि हुने आयोजना संचालन गर्ने,
- सूचना तथा प्रविधिमा सबैको पहुँच सुनिश्चित गर्न प्राविधिक शिक्षा तथा प्रविधिको विकासमा जोड दिने,
- हरित अर्थतन्त्रको निर्माणमा विषेश ध्यान दिंदै प्रकृति र मानव जातिको प्राकृतिक सहकार्य हुने किसिमका आयोजनाहरुको निर्माण, सम्भार र संरक्षणमा जोड दिने ।

**घ. सुशासन, शान्ति सुरक्षा तथा सु–व्यवस्था**

- नागरिक र सरकारको अर्न्तक्रियालाई फलदाई बनाउन सर्वसाधारण, पेशागत तथा व्यवसायिक संघ संस्थाको सहकार्यमा अर्न्तघुलन कार्यक्रम संचालन गर्दै नागरिकमा सरकार म संगै छ भन्ने भावनाको विकास गर्ने किसिमका गतिविधि संचालनमा ल्याउने,
- सार्वजनिक प्रशासनलाई नतिजामूखी र प्रभावकारी बनाउँदै सेवा प्रवाहलाई सहज तुल्याउने,
- हरेक कार्यालयहरुमा नागरिक बडापत्र निर्माण गर्न लगाउँदै सो अनुरुप नागरिकमा सेवा प्रवाहको निम्ति प्रतिवद्ध रहने,
- शान्ति सुरक्षालाई प्रभावकारी बनाउने र मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने ।

**ङ. वातावरण**

- जलवायु परिवर्तन अनुकुलन र वातावरण संरक्षणलाई प्राथमिकतामा राखी योजना छनौट गर्ने,
- हरित प्रविधिको उपयोगद्धारा आयोजनाको निर्माण, संरक्षण र संवर्द्धन गर्ने,
- वातावरणीय स्वच्छता सहितको दीगो विकास हुने कार्यक्रमलाई प्राथमिकतामा राखी काम गर्ने,
- वातावरणीय संतुलन कायम गर्नका निम्ति जलाधार क्षेत्रको संरक्षण र जैविक विविधताको संतुलनलाई बिग्रन नदिने ।

### ३.९ समस्या तथा चुनौतिहरु

- बजेट कार्यान्वयनका निम्ति आवश्यक जनशक्ति र ईच्छाशक्तिको कमी
- प्राथमिकताको आधारमा योजना निर्माण नहुनु
- बजेट निर्माण हुँदै कार्यान्वयनको तह सम्म आइपुग्दा धेरै चरणहरु पार गर्नु पर्ने व्यवश्था विद्यमान रहनु
- कोभिड –१९ को कारण आर्थिक गतिविधि शिथिल भई राजश्व सङ्कलनमा कमी आउनु
- समयमै बजेट निकासा नहुनु
- माहामारीको कारण विद्यार्थी वर्गको पठनपाठनमा समस्या आउन गएको र प्रविधि र ज्ञानको अभावमा दुर शिक्षा कार्यक्रमले वाञ्छित नतिजा दिन नसक्नु
- अझ पनि समाजमा महिला हिंसा कायम रहनु र विभेदजन्य अपराधका घटनाहरु घट्नु
- पूर्वाधार जस्तो अत्यन्त खर्चिला परियोजनाहरुमा आवश्यक बजेट समयमा पुर्‍याउन नसक्नुको कारण क्रमागत बजेटिङ्गको लम्बेतान प्रकृयाको सहारा लिन बाध्य हुनु
- उद्योग,वाणीज्य तथा पर्यटन क्षेत्रहरु माहामारीको चपेटामा नराम्ररी परेको हुँदा वेरोजगारीको समस्या झन् जटिल बन्दै जानु
- कृषि क्षेत्र नै वर्तमान नेपालको चालक शक्ति रहेको तथ्यलाई व्यवहारतः देखाउन नसक्नु
- कोरोना माहामारीले कृषि उत्पादनलाई बजार सम्म पुर्‍याउन नसकिएको कारण बजारमा कृतिम अभावको स्थिति देखा पर्नु
- कृषि उपजको न्यूनतम् समर्थन मूल्य प्रणालीलाई लागु गर्दै बजारसंग प्रतिस्पर्धी कृषि भण्डारण केन्द्रको अभाव हुनु
- दूध, फलफूल तथा तरकारीको उत्पादन, संरक्षण र बजारिकरणमा सरकार उदासिन रहन
- कृषि विकासका क्रियाकलापहरुलाई सहकारी संस्थाहरुको सहकार्यमा संचालन गर्दै रोजगारी, उत्पादन र उत्पादकत्व अभिवृद्धिसंग समन्वय हुन नसक्नु
- जलाधार क्षेत्रको संरक्षणका निम्ति जलवायु परिवर्तनको उच्च जोखिम क्षेत्र पहिचान गर्दै मानव क्रियाकलापले पारेको नकारात्मक असर कम गर्ने कार्य निकै चुनौतिपूर्ण रहेको छ
- विभिन्न प्रजातिका काठ तथा बहुमूल्य जडिबुटिको उत्पाद, संरक्षण,प्रवर्धन र बजारिकरणलाई व्यवस्थित गर्ने काम चुनौतिपूर्ण छ
- राज्यले जनताको सेवालाई प्रभावकारी बनाउनको निम्ति जनप्रशासनलाई जनसेवामुखि र विकास प्रशासनलाई नतिजामुखि बनाउने कार्य निकै ठूलो पहाड बनेर बसेको छ किनकी यो साधन र स्रोतको समस्या भन्दा पनि राष्ट्रको सेवा गर्ने आम संस्कारको अभावको कारणबाट सिर्जित समस्या हो संस्कार बदल्न पुस्तौं लाग्न सक्छ

- राष्ट्र सेवक कर्मचारीहरुको स्वभाविक वृत्तविकासका समस्या, तिनको पदस्थापना तथा दरवन्दी मिलान जस्ता समस्या र न्यून स्टाफिङ्गको कारण सेवा प्रवाहमा समस्या थपिदै जानु ।

## ३.१० भावि कार्यदिशा

- सुशासनमा नै सम्पूर्ण कुराहरु निर्भर गर्ने हुनाले प्रदेश सरकारका सम्पूर्ण मन्त्रालयहरु र सम्बद्ध निकायहरुमा सुशासन कायम गराउनका निम्ति कानूनी, संवेगात्मक तथा सांस्कृतिक परिवेशमा सुधार ल्याउनु पर्ने देखिन्छ,
- नेपाल जस्तो गरिब मुलकमा एउटा लिडिङ्ग क्षेत्रको पहिचान गरी त्यस क्षेत्रसंग सम्बन्धित परियोजनाहरुमा बढि वजेट छुट्र्याउने गरी असन्तुलित विकास मोडल अपनाउनु उपयुक्त हुन्छ । भौगोलिक संतुलनलाई बलियो बनाएर असन्तुलित आर्थिक विकासको मोडल अपनाउन सकिन्छ जसले अन्ततत्वगत्वा उत्पादन, रोजगारी, राजस्व, सम्पत्तिको समान वितरणमा टेवा पुग्न जानेछ ।
- स्थानीय तहसँग प्रभावकारी समन्वय तथा सहकार्यमा योजना छनौट, कार्यान्वयन तथा अपनत्वको प्रत्याभूति खोजिनु पर्दछ,
- सार्वजनिक, नीजि र सहकारी क्षेत्रको प्रभावकारी समन्वय गर्दै योजना निर्माण र कार्यान्वयनमा ध्यान दिने,
- कर्मचारी प्रशासनको मनोवल उच्च पार्ने गरी सम्पूर्ण कानूनी तथा प्रशासनिक प्रकृया अगाडि बढाउने,
- विज्ञताको आवश्यकतालाइ सहज रुपले पूर्ति गर्न सकिने प्रकृया अगाडी बढाउने,
- कार्यालयहरुमा बडापत्र प्रणालीलाई लागु गर्दै सम्पूर्ण कार्यालयहरुमा आधुनिक सफ्टवेयर जडान गरी सूचनालाई अद्यावधि गर्न प्रदेश सूचना बैंक स्थापना गर्ने,
- योजना कार्यान्वयन तथा अनुगमन प्रणालीलाई प्राथमिकतासाथ लागु गर्न कूल परियोजना लागतको निश्चित रकम अनुगमनका निम्ति छुट्र्याउनु पर्ने,
- प्रत्येक योजनाहरु राष्ट्रको समष्टिगत लक्ष्यसँग मेल खाने गरी निर्माण गर्नु पर्ने,
- योजना निर्माण गर्दा Bottom-Up Approach अपनाउँदै सम्बन्धित पक्षको सहकार्यमा निर्णय र कार्यान्वयन गर्नु पर्ने,
- सके सम्म एउटा योजना अवधिमा सम्पन्न हुने गरी साना तथा मझौला योजनाहरुमा जोड दिने पर्ने,
- कर्मचारी प्रशासनको अध्ययन, अनुशन्धान र क्षमता विकास कार्यक्रममा निश्चित मापदण्ड बनाई लागु गर्नु पर्ने देखिन्छ,
- कृषि, उद्योग, पर्यटन, शिक्षा लगायतका अर्थतन्त्रका यावत क्षेत्रहरुमा विचौलियाको क्रियाकलापलाई निरुत्साहित गर्नु पर्ने,
- भंसार तथा सरकारी निकायहरुमा डम्पिङ्ग रहेका गाडीहरुको व्यवशथापन नगरे सम्म नयाँ गाडी आयातमा रोक लगाउने,

- बनमा लडेर कुहिने अवस्थामा रहेका काठ संकलन र विक्रिवितरण प्रकृयालाई अगाडी बढाउँने र काठजन्य वस्तु आयातलाई निरुत्साहित गर्ने,
- एक घर एक रोजगार कार्यक्रमलाई प्रोत्साहन गर्न घरेलु तथा साना उद्योग स्थापनाको निम्ति तालिम, वीज रकम र बजारको व्यवस्था गर्ने र बैंक तथा वित्तीय क्षेत्रलाई त्यस्ता कार्यक्रमहरुमा लगानी गर्न प्रोत्साहन गर्ने,
- सरकारले आफ्ना लक्ष्यहरुलाई पूरा गर्न सहज हुने गरी वैज्ञानिक हिसाबले कानून निर्माण गर्दै लागु गर्नु पर्ने,
- प्रदेशमा रहेका पर्यटकीय स्थलको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धनमूखी प्रचारात्मक अभियान संचालन गर्दै जाने र पर्यटकको सेवामा प्रयोग हुने वस्तु सकेसम्म प्रदेश भित्र उत्पादन गर्न जोड दिने र यदि सम्भव नभए स्वदेशी वस्तु तथा उत्पादनमा विषेश ध्यान दिने।

### ३.११ निष्कर्ष

लुम्बिनी प्रदेश राष्ट्रिय अर्थतन्त्रका हिसावले महत्वपूर्ण प्रदेश हो। कूल ग्राहस्थ्य उत्पादन, कृषि, उद्योग, सिंचाई,पर्यटन, अन्य सेवा, जनसंख्या लगायतका अवयवहरुको हिसाबले यस प्रदेशको महत्व उच्च छ भन्ने कुरा तथ्यहरुबाट प्रष्ट दखिन्छ। वित्तीय उपलब्धिको आधारमा अधिकतम ९१.७३ देखिन्छ भने दीगो विकास लक्ष्यका हिसावले अधिकांश मन्त्रालय तथा निकायहरुको प्रगति उल्लेखनीय रहेको छ। सफलता संकेतमा देखिएका धेरै हरिया र निला रंगहरुले यस कुराको पुष्टि गर्दछन्। अत्यन्त खराब उपलब्धि नगण्य रहनु र त्यो पनि पछि निर्माण गरिएको मन्त्रालयको हकमा मात्र देखिनुले प्रदेशको समग्र उपलब्धि अनुकरणीय देखिन्छ। समग्र प्रगतिको दृष्टिकोणबाट पनि सम्पूर्ण सरकारी निकायहरुको उपलब्धि उत्कृष्ट रहेको देखिन्छ। प्रथम आवधिक योजना लागु हुँदाको अवश्थालाई आधार वर्षको रुपमा लिई त्यस यताका संख्यात्मक तथा गुणात्मक उपलब्धिहरुको विश्लेषण योजनाका ३० महिना पुरा हुँदा नहुँदै प्रदेशले धेरै लक्ष्यहरु सजिलै पूरा गर्ने अवश्था देखिन्छ। प्रदेश सरकार सामु अत्यन्तै धेरै चुनौतिहरु छन् र ती मध्ये सबै भन्दा ठूलो चुनौति भनेको यो उपलब्धिको रक्षा र विकास नै हो। अध्ययनमा औंल्याइएका कमीकमजोरीहरुलाई आत्मसाथ गर्दै आएका सुझावहरुलाई आगामी दिनमा कार्यान्वयन गर्न सकेमा अवश्य पनि यो प्रदेशले राखेको दीर्घकालिन सोंच–**समृद्ध लुम्बिनी : आत्म निर्भर प्रदेश**को लक्ष्य भेदन हुनेछ र हामी समृद्ध नेपाल : सुखी नेपालीको राष्ट्रिय संकल्प पूरा गर्न सफल हुनेछौं।








# प्रदेश योजना आयोग

## लुम्बिनी प्रदेश, मुकाम: बुटवल

फोन नं.: ०७१-५३२१६८
E-mail: infoppc.p5@gmail.com, info.ocmcm@lumbini.gov.np
Website : www.ppc.lumbini.gov.np